Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २२, २०७६ साल माघ १३ गते मंगलबार (Jan 28, 2020) www.janaakash.com.np मुल्य रु १०।-

# नेपालका राष्ट्रिय पार्टीमा गुटबन्दीको चहल पहल

- नेपाली कांग्रेसको महाधिवेशन आउदो फागुनमा ।
- डबल नेकपाको महाधिवेशन पनि नजिकिदै ।
- राजपा सरकारमा भइरदा झगियो समस्या ।
- संघिय समाजवादीको नयाँशक्ति पार्टीसँगको राष्ट्रिय एकीकरण भेला नै सम्पन्न भएको छैन ।

*- मोहन कार्की*

नेपालका राष्ट्रिय पार्टीहरुको महाधिवेशन नजिकिदै जादा यतिवेला गुटबन्दीको चहल पहल बढेर गएको सहजै देख्न सकिन्छ ।

नेपालको लोकतान्त्रिक पार्टी भनेर चिनिदै आएको नेपाली कांग्रेस, एमाले र एकीकृत माओवादी मिसमास गरेर बनाएको डबल नेकपा को यही २०७७ भित्र महाधिवेशन गर्ने तयारीमा दुवै पार्टीहरु लागेका छन् ।

त्यो सगँसगै नेपाली कांग्रेस, भित्रको गुटबन्दी प्रत्यक्ष देखिन थालेको छ । एउटा पक्ष कोइराला प्यानलले वर्तमान सभापति सेर बाहादुर देउवालाई बिभिन्न आरोप लागाउदै कांग्रेस कमजोर हुनुमा सभापतिको दोष छ भनेर बिभिन्न कार्यक्रममा बोल्दै आएका छन् । जसमा सशांक कोइराला, सेखर कोइराला, सुजता कोइराला लगयतले सुजता कोइरालाले त यति सम्म भन्न भ्याइन जबकी मेरै हात नेपाली कांग्रेसलाई भोट हाल्न काम्छ भनेर कार्यक्रममा बोलेपछि कांग्रेस भित्र निक्कै खैलाबैला चलेको थियो ।

भने अहिले कोइराला प्यानल जिल्लाहरुमा आफ्नो मातहातका कार्यकर्ताहरुको सदस्यता अध्यवधिक गराउन सक्रीय देखिन्छन् । भने सस्थापन पक्ष सेर बहादुर देउवा पक्ष त झनै आफ्नै ब्रचश्वको लागि आफ्ना मात हतका सवै निकायलाई सक्रीय गराउदै लगेको देखिन्छ । बिगतको १३ औ महाधिवेशनमा सभापतिको उम्मेद्धार बनेका कृष्ण प्रसाद सिटौला, रामचन्द्र पौडेल, लगायतको आफ्नै खालको तयारी रहेको देख्न सकिन्छ। तर उनिहरुको बिभागिय संगठनहरुमा त्यति प्रभावकारी भुमिका देखिदैन ।

एता सरकारको नेतृत्व गरिरहेको डबल नेकपाले पनि २०७७ भित्र महाधिवेशन सक्ने निर्णय गरिसकेको भएपनि समय भने तोकेको छैन । यतिवेला सरकारमा बसेको पार्टीको गुट र उपगुटहरु सल्बलाइरहेको देख्न सकिन्छ । प्रत्यक्ष रुपमा महाधिवेशनको लागि माधव कुमार नेपाल मात्र मैदानमा देखिए पनि भित्री चाहना भएका इशवर पोखेल, बिष्णु पौडेल, बामदेव गौतम, पुष्पकमल दाहाल, केपी शर्मा ओली नारायण काजी श्रेष्ठ लगायत नेकपाको अध्यक्ष पदको लागि अहिले देखिनै जिल्ला जिल्लामा चहल पहल बढाईरहेका छन् । बाहिरवाट हेर्दा डबल नेकपा एउटा पार्टी भएपनि भित्रभित्रै माओवादी वाट आएका र एमालेवाट आएकाहरुको बेलाबेलामा हुने थर्काइ, घुक्याइ, बेला बेलामा अस्वभाविक ढंङगवाट सार्वजानिक हुदै आएका छन् ।

त्यस्तै अर्को राजपा अहिले सरकारमा सहभागि भएपछि सरकारमा जान नपाएका हरुले पार्टी भित्र आफ्नै गुट जन्माउन र पार्टी फोर्न समेत पछी नपर्ने गरि काम गर्न थालेका छन् । हुनत नेपालमा १२ बर्षेजनयद्धको द्धन्द्धकाल सकिएपछि आफु मन्त्री हुन पार्टी फुटाउदै जुटाउदै गर्ने नाटक गर्ने मध्यमा

बाँकी २ पृष्ठमा

# रियलमी 5i ग्रहकका लागि उपयुक्त स्मार्ट फोन हो

**० पशुति ट्रेडिङले रेयलमी फाइभ आइ सार्वजानिक गरेको छ, यसको बारेमा बताइदिनुस न ?**



धिरेन्द्र कुशवाहा
मार्केटिङ मेनेजर
पशुपति ट्रेडिङ प्रा.लि.

- यो रेयलमीले नेपाली बजारमा छोटो समयमा ग्रहकहरुलाई आकर्षण गर्न सफल भएको छ। कारण के छ भने यो प्राइजमा सेगमेन्टमा बेश पफमेन्स भएको फोन हामीले उपलब्ध गराएका छौ ।

**० जस्तै नयाँ नयाँ डिजाइनका एडभान्स फिचर भएका स्मार्ट फोनहरु भित्र्याइ रहनु भएको छ , ग्रहकहरुको प्रतिक्रिया के छ ?**

- ग्प्रहकहरुको चाहना नै हाम्रो सन्तष्टि हो । उहाहरुलाई राम्रो मुल्यमा चाहेको जति एडभान्स तथा प्रोगामहरु पाइराख्नु भएको छ । सामान्यभन्दा सामान्य मुल्य जो नेपालका ग्रहकहरुले राम्रो डिजाइनका थरी थरीका मोवाइलहरु पाइराख्नु भएको छ। ग्रहकहरुको प्रतिकृया भन्दा पनि हामीले ग्रहकको आवाश्यकता र उहाहरुले दिनुभएका सल्लाह सुझाबलाई समेटेर हामीले बेच्दै आएको रेयलमी कम्पनीसँग कुरा गरेर बिभिन्न मोडलका मोबाइलहरु झिकाएका छौ । अहिले जतिले रेयलमी प्रयोग गरिराख्नु भएको छ। उहाहरुको प्रतिक्रिया आए अनुसार सन्तुष्ट भएको मैले पाएको छु ।

**० रियलमी 5i सार्वजानिक भएको छ यसको बारेमा बताइदिनुस न ?**

- रियलमी 5i तत्कालै सार्वजानिक भएको छ यो ४ जिबी कार्ड ६४ जिबी यसको ब्याट्री ५ हजार एस एस रिभर्स गर्न मिल्ने जस्तै अरु डिभाइसलाइ पनि चार्ज गर्न मिल्ने खालको स्मर्ट फोन रहेको छ । रेयलमी बिश्वभर ५.५ मिलिनभन्दा बढी बिश्वमा दुवानी भएको स्मार्ट फोन हो । ५००० एम. एच ब्याट्रीको साथमा सवैभन्दा राम्रो ब्याट्री लाइफ र सवैभन्दा लामो ३० दिने स्ट्याण्डबाइ प्रदान गर्ने यसका बिशेषता रहेको छ । ११ एनएम् स्नापड्रागन ६६५ ए.आइ. ई रहेको र २.० गिगाहर्जको क्लक स्पिडमा काम गर्न सक्छ । थर्ड जेनेरेशन क्वालकम्ले ए. आइ.ले धेरै भन्दा धेरै गेमिङ अनुभव प्रदान गर्दछ । ११९ अल्ट्रा वाइड एनगल लेन्स ८ एमपी मेन क्यामेरा १२ एमपी पोरट्रेट लेन्स २ एमपी अल्ट्रा म्याको लेन्स २ एमपी क्वाड क्यामेरा सेटअप गर्नुका साथै अल्ट्रा वाइड एनगल लेन्समा नाइटस्केप २.० छ । राती वा अध्यारोमा पनि तस्वीरहरु लिन सकिन्छ । मेन क्यामेराले ई. आई. एस . ईफेकट प्रयोग गरी चलिरहेको अवस्थामा पनि भिडियो खिच्न सकिन्छ ।

यसको सफ्टवेयर कलरओएस ६.१ ले रियल प्राईभेसी फङसन, हटस्पट म्यानेजमेन्ट, क्लिनर र सिम्पलर युआई जस्ता थुप्रै

बाँकी २ पृष्ठमा

# बाल योगेश्वरका बारे नकरात्मक समाचार संप्रेषण यस्तो किन हुन गयो ?

*मोहन पोखरेल, सुरेश अधिकारी*




चितवन उपराष्ट्रपति नन्द बहादुर पुनले उदघाटन गर्ने भनिएको नारायणी नदी किनारमा आयोजित बिराट महायज्ञको उदघाटन जिल्ला समन्वय समितिका उपाध्यक्ष मुना कुमारी श्रेष्ठले गर्दा उदघाटन समारोहमा केही संन्नाटा छायो । उपराष्ट्रपति पुन भरतपुर को गार्डेन रिर्सोट वाट उदघाटन स्थलम मै नआइ त्याहीवाट बुद्ध एयरको विमान चढेर काठमाडौ फर्किएको खवरले सवैलाई आश्चार्य चकित र दुखित बनायो । अघिल्लो दिन महायज्ञ समारोहको उदघाटन गर्न भनि तामझामका साथ चितवन आएका उपराष्ट्रपति यसरी किन काठमाडौ फर्किए चारैतिर कौतहलताको बिषय बनेको छ ।आयोजक पक्ष निरास छ र श्रद्धालु भक्तजनहरु दिग्भ्रममा परेका छन् ।

महायज्ञको उदघाटन गर्ने दिन नै बाल योगेश्वर महाराजका बिषयमा शनिवारको अंकमा कान्तिपुर दैनिकले सनसनीपुर्ण समाचार प्रकाशित गऱ्यो । समाचार आइतवारको अंकमा पनि फ्लो भएको छ । क्रमिक धारावाहिक रुपमा बालयोगेश्वर को बिषयमा नकरात्मक समाचार संप्रेशन गर्ने क्रम बढ्दो छ । महायज्ञको आसपास मै आएर यस्ता खालका दुर्नियत बढाउने खालका समाचार संप्रेशन भइरहनुले आयोजक पक्षको हित गदैना नै, स्वम वाल योगेश्वर को धार्मिक ब्यात्तित्व तथा उहाको छवि माथि नै गम्भिर आच पुऱ्याउने काम वाहेक अरु खास केही गदैन । वाल योगेश्वरको बिगतको काम कारवाही र अहिलेका सकरात्मक कामहरुको एउटै तराजुमा तौलदै सकरात्क र नकरात्मक उपायको खोजि गरेर समाचार संप्रेसण गरिनुपर्नेमा एकैचोटी महायज्ञको पुर्व संध्यामा नै एक्कासी झम्टिने काम भएको छ ।

न्युज २४, ले सक्रियताका साथ छायाङकन गरिरहेको छ ।त्यसैगरी एभिन्युजले पनि दृष्य लिइरहेको छ । स्थानीय

बाँकी २ पृष्ठमा

# तामाङ समुदायहरुको सोनाम ल्होछार सम्पन्न



काठमाडौँ । तामाङ समुदायको महत्वपुर्ण पर्व सोनाम ल्होछार सम्पन्न भएको छ । तामझामका साथ उद्घाटन गरिएको कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी प्रमुख अतिथि आउने भनिएता पनि बागमती प्रदेशका तामाङहरुले ३ न. प्रदेशको राजधानी हेटौडामा राखेको बिषयलाई चर्को बिरोध गर्ने ठानेर राष्ट्रपति आउने कार्यक्रम स्थगन भएको थियो त्यसकारण लामा, बोन्बो र ताम्बाद्वारा कार्यक्रमको उद्धाटन गरेको थियो ।

माघ शुक्ल प्रतिपदाका दिन मनाइने सोनाम ल्होसार अर्थात् नयाँ वर्ष पर्व विविध कार्यक्रम आयोजना गरी मनाएका हुन् । मञ्जु श्री पात्रोअनुसार २८५६ औं वर्ष शुरु हुन्छ । सुँगुर वर्ष पूरा गरी मुसा वर्ष प्रवेश गरेको उपलक्ष्यमा प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका अवसरमा विभिन्न कार्यक्रम गरी सोनाम ल्होसार पर्व मनाइने गरेको तामाङ समुदायले बताउने गरेका छन् । मुसा, गाई, बाघ, खरायो, गोही, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा सोनाम ल्होसारलाई विभाजन

बाँकी २ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### कोरोना भाइरस र नेपालको स्वास्थ्य क्षेत्रको समस्या

चीनमा कोरोना भाइरसको संक्रमण फैलिएपछि बिश्वमा यतिवेला सतर्क अपनाइएको छ । भने बिश्वका देशहरुले चीनमा गएर पढीरहेका वा चीनमा काम गरिरहेका आफ्ना देशका नागरिकहरुलाई आ-आफ्नो देश पर्काउन थालेका छन् । नेपालवाट पनि चीनमा पढ्न गएका बिद्यार्थीहरु यतिवेला नेपाल फर्कन आतुर छन् भने ति बिद्यार्थीहरुको अविभावकहरु आफ्ना पढ्न गएक छोराछोरीहरु फर्काउन पहल गरिरहेका छन् । त्यसमा नेपालका प्रधानमन्त्रीले समेत चासो दिएको समाचार बाहिर आएको छ । नेपालका नेपालीहरुलाई जाहा जस्तो अवस्थामा रहेका भए पनि नेपालीहरुले सान्त्वना ब्याक्त गर्दछन् यो राम्रो पक्ष हो । भने नेपालका बिद्यार्थीहरु नेपालमा छिटोभन्दा छिटो आउन चाहेका छन् । त्यसको लागि सरकारसँग मात्र हवाइजाहाजको ब्यवस्था गरिदिन भनेका छन् बरु हवाइजाहाज भाडा आफै ब्यहोर्ने बताइरहेका छन् । यो अवस्थालाई अनुमान लगाउदा त्यहा पढ्न गएका बिद्यार्थीहरु यतिवेला निक्कै अत्तिएको सहजै अनुमान लगाउन सक्छौ ।

यता नेपालमा भने नेपालको स्वास्थ्य क्षेत्रको कुरा गर्नुपर्दा जहिले समस्या आउछ त्यतिवेला सावधान खोज्ने र हत्तारमा काम गर्नु पर्ने बाध्यताहरु जहिले देखिदै आएका छन् । हालसालै कोरोना भाइरसको समस्या आएपछि नेपालको ल्याव ६ बर्ष अगाडी ल्याएको भए पनि संञ्चालन हुन सकेको छैन भन्ने समाचार आउनु दुःखद मात्र नभएर नेपालको बिकाश र काम गर्ने तरिका कुनस्तरको छ भन्ने उदारण काफी छ । यस्ता खालका अपरझट आइपर्ने समस्याहरुलाई बिकसीत मुलुकहरुमा तत्कालै सम्बोधन गरिन्छ र काम गराइ पनि त्यतिकै मात्रमा अगाडी बढेको देखिन्छ । त्यो उदारण हेर्न अरु देश जानै पर्दैन यहि हाम्रो छिमेकी राष्ट्र चीनमा १००० क्षमताको बेड भएको अस्पताल ६ दिनमा बनाउने समाचार पढ्दा हाम्रो देशको अवस्था भने विदेशवाट ल्याएको ल्याव पनि ६ सम्म जडान नगरी प्रयोग विहिन बनाएर राख्नु कति सम्मको लापरवाही हो ।

यस्ता समस्याहरु सुन्दा नेपालको बिकाशको कुरा गरेर कहिल्यै नथाक्ने तर राणकालीन युगमा जतिको बिकाश पनि गर्न नसक्ने नेपालका नेतृत्वहरुलाई वेला वेलामा जनताहरुले लगाउने गरेको आरोप यि नेपाल देशको अस्तित्व समाप्त गर्न उधत छन् भने जस्तै न त्यस्तै त गर्दै छैनान् ? यो सोचनीय बिषय भएको छ ।

नभए नेपालमा प्रजातन्त्र आएको ७० बर्षमा एउटा पनि राम्रो सर्वसाधरणले सजिलै उपचार पाउने अस्पताल काहा निर्माण भएको छ । निजी लगानीका महगा अस्पतालहरु खुलेका देखिए पनि त्यो सर्वसाधरणको लागि महगीले गर्दा असम्भव प्राय छ । यस्ता समस्याहरुलाई वेलैमा सम्वोधन गरेर सर्वसाधरणले पनि छिटो छरितो ढंगवाट सुलभ मुल्यमा उपचार गर्न गराउन सक्ने वातावरण बनाउन ढिलो गर्नु हुदैन तव मात्र नेपालमा लोकतन्त्र, गणतन्त्र, प्रजातन्त्र नाममा आएको परिवर्तनको सार्थकता हुन्छ । त्यो काम जसरी हुन्छ गर्नुपदछ ।

# पुर्व राजा ज्ञानेन्द्र र राजनीतिक स्पेस

**मोहन पोखरेल**

**मोहन पोखरेल**

मुलुक दिन गनेर राष्ट्रिय संकटमा फस्दै गएपछि लोकतन्त्र र गणतन्त्रको बिषय पनि गौण बनेको छ । राष्ट्र रहे मात्र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै अगाडी बढ्न सकिन्छ । प्रप्त जानकारको एक पछि अर्को किसिमले अवमुल्य हुदै जाने र राष्ट्रिय अखण्डता पनि धरापमा पर्दै जाने परिस्थिति यथावत रहिरहेमा लोकतनत्र रहदैन । गणतन्त्रको सारतत्व पनि त्यही हो । यतिखेर प्रजातान्त्रिक मूल्या मान्यता क्रमशः धरापमा पर्दै जाने क्रम बढे सगै राष्ट्रियतामाथि पनि संकट उत्तपन्न भएको यथार्थता लाई नकार्न सकिदैन ।

स्थानीय र प्रदेश सरकारका पनि संघिय सरकार जस्तै गरी चल्न थालेपछि जन जीविका का सरोकार र बिकाश निर्माणका काम प्रायः ठप्प भएका छन् ।

अत्तिरिक्त करवाट जनता भएभित हुन थालेका छन् । सञ्चारमाध्यमलाई अकुश लगाउने गरी सूचना संबन्धि बिद्येयक सांसदवाट पारित गराउने गरी सरकार प्रस्तुत भएको छ । प्रधानमन्त्री केपी ओलि सञ्चार माध्यमवाट आफ्नो प्रशंसै प्रशंसा होस भन्ने चाहान्छन् । बिरोधको स्वर सुन्ने उनले क्षमता राख्दैनान् । सञ्चार माध्यमले प्रतिपक्षको भुमिका निर्वाह गर्दछ र यो उसको धर्म हो । भन्ने हेक्का उनिसँग छैन । हुदा हुदा यो सरकारले गुमेको नेपाली भुभाग पनि भारतसँग फिर्ता लिन सकोको छैन । वार्ता प्रकृया अगाडी बढाउन सके यसको निचोड निस्कन्छ । जब कुराकानी नै अगाडी बढ्दैन भने सकरात्मक परिणामको आशा कसरी गर्ने ? भन्ने प्रश्न खडा भएको छ । भ्रष्टचार लगायतका अनगिन्ती अवान्छित गतिविधिहरु निरतर रुपमा बिकशीत हुन थालेपछि यो सरकार वाट जनताले सकरात्मक प्रतिफल नपाउने निश्चित जस्तै भएको छ । एकातिर यस्तो डरलाग्दो स्थिति छ भने अर्को तर्फ इनिहरु आफैभित्र मिल्न सकेका छैनान् । विभिन्न गुटहरु फैलाउदै पार्टीलाई नकापसिद्ध गर्न खोज्दैछन् । सत्तारुढ तथा सरकार पक्ष दुवै गुट उपगुटको शिकार हुन थालेपछि लोकतन्त्र रहने कि नरहने भन्ने संशय पैदा भएको हो ।

राष्ट्र संकाटमा परेपछि राष्ट्र बचाउनको लागि एउटा शक्तिसाली निकायले अभिभावकीय भुमिका निर्वाह गर्नुपर्ने बेला आएको छ । लोकतन्त्रलाई असर नपुग्ने गरी जनताका जनजीविका का सरोकारलाई ध्यानमा राख्दै उपयुक्त कदमा उठाउनु पर्ने अहिलेको टड्कारो आवाश्यकता हो । किनकी नेपाली जनता सधैभरी गुट उपगुटमा जेलिएका पार्टी र तिनका नेताको दास बनेर बसि रहन सक्दैनान् । पार्टी ठिक ढंङगले चल्नुपर्छ । गुट उपगुट हुनुहुदैन र लोकतन्त्रलाई सच्चा किसिमवााट संचालन गरिनुपर्छ भन्ने नेपाली जनताको चाहाना हो ।

संकटको यो घडीमा पार्टी र लोकतन्त्रको सक्षार्थ पनि सवै अटाउन सक्ने गरी संवैधानिक राजतन्त्र लाई स्पेस दिने काम गरियो भने राष्ट्रियताका साथै लोकतन्त्र पनि बलियो हुने र बिकाशले गति लिन सक्ने वाटो खुल्थ्यो कि भन्ने विकल्प प्रस्तुत गर्न सकिन्छ । किनभने शाहवंशिय पूर्वजहरु राष्ट्रियताका धरोहर नै हुन् । राजाहरु जतिसुकै निरकुंस भएपनि राजगद्दीको मायाले पनि राष्ट्रप्रेमी हुन्छन् । लोकतन्त्रको राग मात्र अलापी रहने र राष्ट्रियता का मामलामा गौण रहने नेताहरुले राष्ट्रको रक्षा गर्न सक्दैनान् । याहिनेर चित्त नबुझ्दो कुरा के रहेको छ भने पूर्व राजा ज्ञानेन्द्रको चरित्रलाई दाज्दै पृथ्वीनारयण शाहदेखि राजा ज्ञानेन्द्र र राजा महेन्द्र र बीरेन्द्र सम्मको चारित्रीक हत्या गर्ने र सार्वजानिक स्थानमा तथानाम गालीगर्ने परिपाटी चलिरहदा इतिहाँस मेटेन्छ । यो राम्रो होइन "राजा" ज्ञानेन्द्रले दरवार छोड्दा राजमुकुटको बारेमा केही सकरात्मक शब्दहरु बोल्नुभयो ।यो नराम्रो पक्ष होईन । जनताको नासो हो, चाहियको बेला फिर्ता गर्नुपर्छ भन्दै राजमुकुट र राजदण्ड सुम्पियर सुरुक्क नागार्जुन जानु ज्ञानेन्द्रको चानचुने कुरो होइन । राजाले त्यस बेला जनताको आन्दोलनको कदर गर्दै राजदरवार छाड्नु भएको हो । अझै पनि पूर्वराजा ज्ञानेन्द्रले नेताहरु सुध्रिउन र लोकतन्त्र बलियो रहोस भन्ने चाहना राख्नु हुन्छ ।पूर्व राजाले आफु पुनः राजा बन्ने इच्छा नभएको बेला बेला बताउने गर्नुहुन्छ । तर पनि हाम्रा नेताहरु ज्ञानेन्द्रले षड्यन्त्र गर्दैछन् र लोकतन्त्रलाई खाडलमा हाल्दैछन् भन्ने सन्देश दिन पछि पर्दैनान् ।

राजनीतिक प्रदृष्य बदलिदो क्रममा निरन्तर अघि बढोकोले यसमा पूर्वराजा ज्ञानेन्द्रले नेताहरुको विरुद्ध चिच्याएर कराइ रहनु पर्दैन । यसले



निरन्तर नेपालको हावापानी माटो सुहाउदो प्रणाली खोजिरहेको छ । अरु कारणवाट लोकतन्त्रलाई खतरा छैन, पार्टी नेताको अकमण्यता, गुट,उपगुट र राजकीय सासन प्रणाली का खराव आचरणका कारण सवैलाई अटाउन सक्ने गरी राजालाई स्पेस दिनेकि भन्ने उठान गरिएको हो । लोकतन्त्र अभिब्यक्ति स्वतन्त्रको पक्ष मजबुद भएकाले कतिपय मिडियाले यसको उठान र बिश्लेषण गर्नु उनिहरुको नैर्सगिक अधिकार भित्र पर्ने कुरा हुन् । यसो गर्दा भएन, अव अर्को उपाय गरे हुदो होकी भन्ने उठान गर्नु लोकतान्त्रीक मुल्य मान्यता भित्रका विषय वस्तु हुन् । पूर्व राजा ज्ञानेन्द्रले पक्कै स्पेस खोज्नु भएको होला र यसलाई अन्यथा लिनु पनि हुदैन । धर्म निरपेक्षताका दुष्परिणाम का कारण धर्म सापेक्षता को कुरो को पनि उठान गरिदै आएको छ । ९० प्रतिशत हुन्दु जनता भएको देशमा हिन्दु राजतन्त्र स्थापना गरे कसो होला, सवै राजनीतिक दलहरु यसै भित्र अटाउन सक्छन् । भन्ने मान्यता का साथ "राजा" ज्ञानेन्द्रले आफ्नो स्पेस खोज्ने बिषयलाई अस्वभाविक मान्न सकिदैन ।

## नेपाल......

दरिएका तराइवादी दलहरु मिलेर बनेको राजपा फेरी फुट्ने जुट्ने गरेमा कुनै नौलो हुने छैन ।

अर्को संघिय समाजवादी पार्टी जो पुर्व माओवादी उपाध्यक्ष तथा पुर्व प्रधानमन्त्री समेत भइसकेका डा. बाबुराम भट्टराईको नयाँशक्ति पार्टी पनि यहि सघिय समाजवादी पार्टीमा बिलय भएको छ । अहिले सम्म त्यस पार्टीमा पनि बिशेष गरेर गैर मधेशीहरुको बाहुल्यता हुन सकेको छैन ।

त्यहापनि उपेन्द्र यादव र डा. भट्टराइको बुद्धि लडाइ भइरहेको देख्न सकिन्छ ।

संसारमा राजनीतिक पार्टीहरु देश र जनताको पक्षमा काम गर्न भनेर खोलिएका हुन्छन् र देश र जनताको सेवामा जस्तो सुकै त्याग तपस्या गर्ने गरेको नेपालमा पनि उदारणहरु छन् । तर अहिलेको यो अवस्थामा आइपुग्दा नेता बन्न जस्तो सुकै तरिका पनि अपनाउने र पैशा भएकाहरु नेता बन्ने सभासद बन्न योग्यता, क्षमता कोही नचाहिने रकमी तरिकावाट समाजलाई बिभाजन ल्याइ आफ्नो स्वार्थ पुर्ति गर्ने गुट उपगुट जन्माउने नेताहरुले सिंगो देशका जनतालाई एकीकृत गरलान् भनेर सोच्नु सपना देख्नु मात्र हुने भएको छ । नेपालीहरुलाई त यतिखेर सिंगो देश जोड्न सक्ने सवै नेपालीलाई एक ढिक्का बनाइ नेपालको उन्नति गराउन सक्ने नेतृत्वको खाचो छ । यस्ता गुट र उपगुटको अभ्यास गरेर नेपालको राजनीतिक शक्तिलाई कमजोर बनाउदै बिदेशी शक्तिको शरणमा समेत परेर गरिने राजनीतिले नेपालको भलो कहिल्यै हुदैन । त्यसकारण नेपालका साना ठुला पार्टीहरुले गुटको पखेटा बनेर अयोग्यहरुलाई नेतृत्वमा लानु भन्दा सहि नेतृत्व छानेर सिंगो पार्टी दरिलो र बलियो बनाउदै नेपालको बिकाश गर्न जरुरी छ ।

## बाल..

मिडियाहरुले पनि सकरातमक समाचार संप्रेसण गरिरहेका छन् । श्रद्धालु भक्तजनको घुइचो थियो । भक्तजनहरुको लावालस्कर आइतवारका दिन अत्यधिक बढ्ने आयोजक पक्षको दावी छ ।यस्तो त्रम महिनाभर चलिरहने र महायज्ञ सफल भइछाड्ने मा आयोजक पक्ष ढुक्क भएको दावी गरेको छ ।

"कुकुर भुकिरहन्छन्, लाठीले हानेर खेद्नुपर्छ तर लठ्ठी वोकेर कुकुरका पछाडी एककोहोर दौडने हो भने गन्तव्यमा पुग्न सकिदैन भन्दै वाल योगेश्वर महाराजले उदघाटन समारोहमा वोल्दै सवैलाई संयमित हुन आग्रह गर्नु भयो । महाराज जीले पुर्वखेखि पश्चिम सम्मका श्रद्धालु भक्तजनहरु महायज्ञमा ओइरिने क्रम बढ्दै गएको र छिमेकी भारतवाट पनि श्रद्धालु भक्तजनहरु आउने क्रम बढेकोले महायज्ञ सफल भइछाड्ने दवी गर्नुभयो । महायज्ञका संयोजक, उपसंयोजक र उपस्थित अतिथिले भ्रमक समाचारका पछि नलाग्न र महायज्ञलाई सफल बनाउन सवै श्रद्धालु भक्तजनहरु सक्रीयताका साथ लाग्नु पर्नेमा जोग दिएका थिए ।मुल आयोजक समितिले महायज्ञमा २५ करोड संकलन गरी छाड्ने र उक्त रकमवाट भरतपुर २३ जगतपुरम अवस्थित पशुपति मन्दिरलाई पशुपति धामका रुपमा बिकसीत गर्ने, आयुर्वेद शिक्षालय खोल्ने र क्यानसर पीडित बिपन्न बर्गका लागि खर्च गर्ने लक्ष्य लिएको छ ।

यसैबीच वालयोगेश्वरको बारेमा कान्तिपुरमा धारावाहिक नकरात्मक समाचार प्रकाशित हुन थालेपछि उहाका समर्थकहरु वाट चितवनमा तिव्र बिरोध शुरु भएको छ ।बालयोगेश्वर स्कुल पढुदाका अवस्था, बाल कृडाका संवेदनशील अवस्थालाई समेटेर समाचार संप्रेसण गरिनु दुखद भएको जनाइएको छ ।

त्यसवेलाको बाल चरित्रका बिषयमा समाचार बनाएर बाल अधिकारको हनन् भएको मान्ने कि नमान्ने ? सम्पादक/प्रकाशकले वर्तवान बदलिदो राजनीतिक परिप्रेक्षमा यस्ता खालका समाचार छापेर उदांगो बनाउन मिल्छ कि मिल्दैन ? भन्ने प्रश्न पनि खडा भएको छ ।

कालिदास पनि प्रचिन युगमा डांकाका सरदार थिए । उनको जन्मको नाम बेग्लै थियो । उनले कर्म गरेको नाम बेग्लै थियो । ज्ञान मार्गमा हिडेपछि कालिदास कलिए । बाल योगेश्वर सतमार्गमा आएका छन् । ठगिको प्रपंञ्च गर्दै नाम बदल्दै हिड्यो भन्न वर्तवान बदलिदो बिकसीत युगमा सुहाउछ कि सुहाउदैन भन्ने अर्को प्रश्न पनि खडा भएको छ ।

अर्को मुख्य कुरो अमेरिकामा रहेको "स्कन " भनिने हिन्दुवादी धार्मिक संस्थाले बालयोगेश्वर सँग धार्मिक कार्यक्रम गर्नका लागि संझौता गर्दा उक्त संस्थाले धोका दिई बाल योगेश्वर विश्वासमा पर्दा फस्न पुगेको खवर पनि छ ।मौखिक संम्झौताका आधारमा विश्वास पर्दा ठगीको गम्भिर आरोप लाग्न गएको र त्यसको क्षतिपुर्ति दिने बिस्तारै अघि बढ्दै गएकोले त्यसलाई अपराध मान्न नसकिने तर्क पनि अगाडी आएको छ ।

यि यावत समस्या वाट कति पनि बिचलित नभई आफ्नो सतकर्ममा निरन्तर अघि बढ्दै गएमा बाल योगेश्वर महाराजलाई वास्तविक बिश्व विख्यात कथा बाचक बनाउन प्रेरेणा मिल्ने बिषयलाई नकार्न सकिदैन ।

## रियलमी....

फिचरहरु प्रदान गर्दछ । ६.१ ले डार्क मोड एक्टिभेट गर्न सक्छ अध्यारो स्थानमा फोन चलाउदा आखाँलाई सहज हुने गर्छ । यसको मुल्य २०९९० मा बजारमा उपलब्ध छ । ग्रहकहरुको लागि यो स्मार्ट फोन अत्यन्तै उपयुक्त हो ।

**पशुपति ट्रेडिङ्ले अन्य ब्राण्डहरु पनि ब्यवसाय गर्दै आएको छ भावी योजना केही छ की ?**

*यही रेयलमी विश्वव्यापी भएको प्रख्यात कम्पनी हो यसको आधिकारिक बिक्रेताको रुपमा हामीले बिक्रीबितरण गर्दै आएका छौ रेयलमी उत्पादन गरेका नयाँ नयाँ मोडलका उत्पादनलाई नेपालको बजारमा समय सापेक्षिक स्मार्ट फोनहरु भित्तयाइ काम गर्ने छौं ।*

*हालसालै हामीले रेयलमी सिटु, सिथ्री, रेयलमी फाईभ बिक्री बितरण गर्दै आएका छौं ।*

**पशुपति ट्रेडिङ्को बारेमा बताई दिनुस न ?**

*पशुपति ट्रेडिङ्ले बिगत समय देखि माइक्रो म्याक्सक कारभन, मोबाइल, ब्रोज टिभी, पावर ब्यक, होम एलाइन्स इलेक्ट्रोनिक्स सामानहरु राष्ट्रियस्तरमा बिक्री बितरण गर्दै आइरहेको छ ।*

## तामाङ......

गरिएको छ । ल्होसारका १२ वटै वर्ष पशुपन्छीका नामबाट गणना गरिएको छ । तामाङ जातिको बाहुल्यता रहेको वाग्मती प्रदेशका विभिन्न जिल्लामा यो पर्व विशेष रुपमा मनाइन्छ । यसै अवसरमा नेपाल तामाङ घेदुङलगायत संस्थाले टुँडिखेलमा विशेष कार्यक्रमको आयोजना गर्दै ल्होसार मनाएको थियो । कार्यक्रममा तामाङ समूदायका बालबालिका, युवायुवती र वृद्धवृद्धासँगै सँगै अन्य समूदायका मानिहरुसमेत सहभागी भएको देखिन्थ्यो । अधिकांश सहभागीहरु तामाङ पहिरनमा सजिएका थिए । आदिवासी जनजाति महासंघका अध्यक्ष जगत बराम, बाग्मती प्रदेशसभा सांसद प्रेम लामा, मोहन गोलेलगायतको उपस्थित रहेको थियो ।

## प्राविधिक शिक्षा सञ्चालन

पोखरा । पोखरा महानगरपालिका-३३ स्थित सरस्वती टीका माविमा सिटिइभिटीबाट सम्बन्धन प्राप्त तीनवर्षे सिभिल इन्जिनीयरिङ डिप्लोमा तहको कक्षा सञ्चालनका लागि सरकोकार वालासँग अन्तरक्रिया गरिएको छ । प्राविधिक शिक्षा वर्तमानको आवश्यकता भएको वास्तविकतामा सम्बन्धन प्राप्त हुनु उपलब्धिपूर्ण भएको बताउँदै कार्यक्रमका वक्ताले यसको प्रभावकारिता र गुणस्तरीयतालाई विशेष ध्यान दिनुपर्ने बताए । नेपाल इन्जिनीयरिङ एसोसिएशन गण्डकी प्रदेशका अध्यक्ष बाबुराम भण्डारीले विद्यार्थी तथा अभिभावकलाई गुणस्तरीयताको अनुभूति गराउने गरी विद्यालयले आवश्यक पूर्वाधार तयार गर्नुपर्ने अवश्यकता औंल्याउनुभयो । कक्षा सञ्चालनका लागि लागत अनुमानसहित आवश्यक दक्ष शिक्षक, प्रयोगशाला आदिको योजना तयार गर्न उहाँले सुझाव दिनुभयो ।

# प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी डाक्टर विहिन बनेको सात महिना वित्यो

महेश कार्की, बाजुरा

बाजुराको बुढीनन्दा नगर पालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी डाक्टर विहिन बनेको छ। बाजुराको पुर्विउत्तरी क्षेत्रमा रहेको एक मात्र प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी डाक्टर विहिन बनेको सात महिना सम्म कुनै सुनुवाई नभएको स्थानियले बताएका छन । स्वास्थ्य केन्द्र कोल्टीमा कार्यरत डां गणेश चौधरी समायोजनमा गए लगत्तै कोल्टी डाक्टर विहिन बनेको हो । डांक्टर चौधरी गत साउन २८ गते समायोजनमा गए पनि हाल सम्म अर्को डाक्टर आउने, नआउने भन्ने कुनै सुनुवाई भैरहेको छैन ।

प्राथमिक स्वास्थ्य केन्द्रमा एम विवि एस डाक्टर र एच एको दरवन्दि भए पनि हाल सम्म उक्त दरवन्दि रिक्त रहेका छन । दोलखामा कार्यरत हेल्थ असिस्टेन्ट वसन्त रेग्मिीको रोजाईमा परेको प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी उहाँको पखाईमा रहेको छ । हेल्थ असिस्टेन्ट रेग्मीका लागि रोकि राखेको कोटा अहिले प्लेन र गाडिको सिट रोकि राखेको जस्तो भएको नाम नखुलाउने सर्तमा एक जना कर्मचारीले बताएका छन । यता हेल्थ असिस्टेन्ट रेग्मीले भने स्वास्थ्य संयोजक दिए मात्र आउने र नभए नआउने सर्तमा रहनुभएको बताईएको छ ।

स्वास्थ्य केन्द्रमा अहिले डाक्टर नहुदा जटिल खालका विरामी तथा प्रसुतिलाई उपचारमा समस्या हुने गरेको स्थानियले बताएका छन । बाजुरा जिल्लाका चारवट स्थानिय तह लगायत हुम्ला, जुम्ला, मुगु र कालिकोटका सामान्य विरामी आउदा पनि हवाइ भाडा तिरेर नेपालगञ्ज, सुर्खेत काठमाण्डौ लगायतका सुविधा सम्पन्न ठाँउमा रिफर गर्नु परेको अस्पताल स्रोतले जनाएको छ । बाजुरा जिल्ला दुर्गम तथा पिछडिएको र भौगलिक हिसावले असुविधाका कारण प्राथमिक स्वाथ्य केन्द्र कोल्टी कसैको रोजाईमा नपरेको हुदा हाल सम्म नगरपालिकाकाले पनि डक्टरको ब्यवस्थापन गर्न नसकेको बताईएको छ । प्राथमिक स्वास्थ्य केन्द्र संगै रहेको ल्यापमा आवश्य औजार उपकरण नहुदा जटिल खालका विरामीको चेक जाँच गर्न समस्या भएको छ । ल्यनपमा अति आवश्यक सामाग्रि कन्टीनर, खकार टेस्ट, युरीनकेश, माक्स लगायतका उपकरण नहुदा स्वास्थ्य कर्मिलाई रोग सर्ने डर रहेको बताईएको छ ।

उपकरण्का लागि माग फाराम भरे पनि समयमा समान आईनपुग्ने स्वास्थ्य कर्मिले बताएका छन । अहिले अस्पताल ओजेटिको भरमा चलिरहेको छ ।

अस्पतालमा दैनिक १२ जना ओजेटिका प्रशिक्षार्थि रहेका छन ।

# महिन्द्र एक्सयूभी ३०० ले पायो ग्लोबल एनसीएपीद्वारा उच्चतम फाइभ स्टार सुरक्षा रेटिङ

काठमाडौं । २०.७ अर्ब अमेरिकी डलरको महिन्द्रा ग्रुपको एक हिस्सा महिन्द्रा एन्ड महिन्द्राले आफ्नो कम्प्याक्ट एसयूभी - एक्सयूभी ३०० ले ग्लोबल एनसीएपीद्वारा उच्चतम फाइभ स्टार सुरक्षा रेटिङ पाएको घोषणा गरेको छ ।

यो विश्वव्यापी सम्मानसहित एक्सयूभी ३०० ग्लोबल एनसीएपीद्वारा परीक्षण गरिएका सबै फाइभ स्टार रेटिङ प्राप्त भारतीय सवारी साधनहरूमध्ये सर्वाधिक अंक प्राप्त गर्ने पहिलो सवारी साधन बनेको जनाइएको छ ।

एक्सयूभी ३०० बालबालिकाहरूको सुरक्षामा पनि फोर स्टार रेटिङ पाउने पहिलो भारतीय सवारी साधन उल्लेखनीय




बनेको उल्लेख छ ।

फाइभ स्टार रेडिङका लागि छेउबाट पर्ने धक्काको असर कम हुने प्रदर्शन पूर्वशर्तमध्ये एक हो र छेउबाट पर्ने धक्का (Ide Impact) को असर कम हुने प्रदर्शनमा सबै फाइभ स्टार रेटिङ पाएका कारहरूमध्ये एक्सयूभी ३०० को प्रदर्शन सबैभन्दा उत्तम मानिएको छ । यो उपलब्धीका बारेमा प्रतिक्रिया व्यक्त गर्दै महिन्द्रा एन्ड महिन्द्राको अटोमोटिभतर्फका प्रेसिडेन्ड राजन वाढेराले भने ‘यो महिन्द्राका लागि गर्वका क्षण हो, फाइभ स्टार रेटिङले सुरक्षाप्रति हाम्रो निरन्तर प्रतिबद्धतालाई दोहो¥याउँछ ।’ उनले थपेका छन् । आजका जागरुक ग्राहकहरूले आफ्नो किनमेलको निर्णय लिने समयमा सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्ने गर्छन् र हामीले एक्सयूभी ३०० लाई भारतमा सबैभन्दा सुरक्षित सवारी साधनमध्ये एक बनाउन सक्षम भएका छौं । मलाई विश्वास छ, यो मान्यताले हामीलाई साथसाथै भारतीय अटोमोटिभ उद्योगलाई पनि भारतीय सडकमा गुड्ने सबै किसिमका सवारी साधनहरूमा समान किसिमका सुरक्षाका मापदण्डमा अगाडि बढ्नका लागि प्रेरित गर्नेछ ।’ महिन्द्रा एक्सयूभी ३०० मा ७ वटा एयरब्याग, सबै चार वटै पाङ्गामा डिस्क ब्रेक, फ्रन्ट पार्किङ सेन्सर र हिटेड ओआरभीएमहरु सहितका ‘फर्स्ट-इन-सेगमेन्ट’का थुप्रै विशेषताहरुले यसलाई अतुलनीय बनाएको छ ।

आज एक्सयूभी ३०० ले उपभोक्ता कार सुरक्षा परीक्षण निकायहरूको छाता निकाय ग्लोबल एनसीएपीद्वारा फाइभ स्टार रेटिङको सम्मान प्राप्त गरेर भारतमा सवारी साधन सुरक्षाको नयाँ मानक कीर्तिमान स्थापना गरेको छ । हालै जर्मनीमा महिन्द्रा एक्सयूभी ३०० को औपचारिक ग्लोबल एनसीएपी परीक्षण गरिएको थियो । ग्लोबल एनसीएपीद्वारा उच्चतम फाइभ स्टार सुरक्षा रेटिङ एक्सयूभी ३०० नेपालभरि रहेका अग्नि इन्कर्पोरेटेडका डिलर सञ्जालमा उपलब्ध छन् ।

# झील्के पप गीत ज्योति म्युजिक अवार्डको लागि नोमिनेशनमा



शशी सेखर बुढाथोकीद्धारा रचना तथा गायन भएको झिल्के पप गीतले छोटो समयमा सुन्धारा देवी सनदेश म्युजिक अवार्ड जित्न सफल भइसकेको छ भने अहिले ज्योति फिल्म म्युजिक अवार्डको नोमिनेशनमा पर्न सफल भएको छ ।

यो अवार्ड जित्न भोटिङको पनि त्यतिकै महत्व हुने भएको हुनाले सशि बुढाथोकीद्धारा झिल्के बोलको गीतलाई अवार्ड जिताउन jfma 023 टाइप गरेर 31007 मा भोट गरी सहयोग गर्न सक्नुहुन्छ ।

# किशानको अध्यक्षमा शिव प्रसाद शिवाकोटी

काठमाडौ । बागमती प्रदेशस्तर ीय अखिल नेपाल प्रगतीशिल किशान संघको बागमती प्रदेश भेला माघ ११ गते काठमाडौंको रातोपुलमा सम्पन्न भएको छ ।

केन्द्रीय संयोजक सुरथ चौलागाईको प्रमुख अतिथ्यमा भएको भेलाले शिव प्रसाद शिवाकोटीको नेतृत्वमा ११ सदस्यीय प्रदेश कमिटी निर्माण गरेको हो ।

अध्यक्ष शिव प्रसाद शिवाकोटी, सचिव झसि किशान, कोषाध्यक्ष दिपेन्द्रबिक्रम सिलवाल, सदस्यहरु र ामचन्द्र खड्का, रुद्र श्रेष्ठ, राम प्रसाद ढकाल, बिकाश खड्का, ठुलाकान्छा सुनाम, सुखःदेव ढुङगाना, गणेश कपाली रहेका छन् ।



# एडभान्स अटोमोबाईल्सले ल्यायो रेनो ट्राईबर

काठमाडौं । यहि ८ गते होटल हायतमा पत्रकार सम्मेलन गरि रेनो ट्राईबर सार्वजानिक गरिएको छ । कार्यक्रमको शुरुवात एडभान्स अटोमोबाल्सका मार्केटिङ मेनेजर आदीप श्रेष्ठद्वारा शुरु गरिएको कार्यक्रममा एडभान्स अटोमोबाईल्सका र्निदेशक निकुञ्ज अग्रवाल र इन्डिया वाट आएका कम्पनीका प्रतिनिधि शरण भाटियाले संयुक्त रुपमा रेनो ट्राईबर उदघाटन गरेका थिए । दुबै जनाले कार्यक्रमलाई सम्वोधन गर्दै रेनो, नेपालको नम्बर एक यूरोपियन ब्राण्डले रु २८ लाख २० हजारको आकर्षक मूल्यमा नयाँ उत्पादन गेम चेन्जर-रेनो ट्राइबर नेपालमा सार्वजनिक गरेको छ ।

रेनो ट्राइबर विशाल, अल्ट्रा मोड्युलर, इन्धन खपत गर्ने गाडी हो भनि नेपालको आधिकारिक बिक्रेता एडभान्स अटोमोबाईल्सले जानकारी गराएको थियो । उसले भनेको छ । आकर्षक इन्टेरियरसहित ४ मिटरको स्पेसमा विभिन्न आधुनिक र व्यवहारिक विशेषताहरु छन । यसको आकर्षक मुल्य निर्धारणका साथ गाडी खरिद गर्ने निर्णय गर्दा उच्च मुल्याङकन खोज्ने ग्राहकहरुका लागि रेनो ट्राइबर गाडी निकै उपयुक्त छ । रेनो ट्राइबरले भारतमा एक सफल अवधारणको रुपमा आफूलाई स्थापना गरिसकेको छ र ग्राहकहरुबीच पनि ठुलो स्वीकार्यता देखिएको भारतवाट आएका कम्पनीका शरण भाटियाले पत्रकारहरुलाई जानकारी गराएका थिए । रेनो ट्राइबर आकर्षक रुपले डिजाइन गरिएको छ, कडा, कम्प्याक्ट, फराकिलो, भर्सटाइल तथा मोड्युलर गाडी हो । रेनो ट्राइबर नेपाली ग्राहकहरुको अपेक्षाहरुको पूर्ण विशलेषण हो जसले अपराजय लचिलोपन प्रदान गर्दछ ।




रेनो ट्राइबर वास्तविक गेम चेन्जर हो, यसको आधुनिक, फराकिलो तर कम्प्याक्ट, अल्ट्रा मोड्युलर, इन्धन खपत गर्ने आकर्षक इन्टेरियर र विभिन्न आधुनिक तथा व्यवहारिक विशेषता भएको गाडी हो । रेनो ट्राइबरमा यो श्रेणीको ५ सिटर कन्फ्रिगेशनमा सबैभन्दा ठुलो बुट क्षमता छ ।

एडभान्स अटोमोबाइल प्रालिका प्रबन्ध निर्देशक निकुञ्ज अग्रवालले भने, नेपालमा रेनो ब्राण्डलाई विस्तार गर्दै हरेक बर्ष बिक्री मात्रा बढाउँदै लैजान हामीसँग प्रष्ट उद्देश्य र रणनीति छ । रेनो ट्राइबरले हाम्रो विस्तार योजनामा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ र स्पेश र मोडुलारिटीमा नयाँ बेन्चमार्क बनाउनेछ । रेनो ट्राइबरले कन्टेम्पोररी डिजाइन, आधुनिक विशेषता, धेरै स्पेश, रुमीनेश र भर्सटाइलिटी प्रदान गर्दछ । नेपालमा रेनो ट्राइबर भित्र्याउन पाउँदा हामी निकै खुशी छौं उनले भने ।

टाइबरको बिशेषता यस्ता छन् ।

रेनो ट्राइबर आकर्षक डिजाइन भएको रुमी र मोड्युलर सुविधासम्पन्न सवारी साधन रहेको ।

रेनो ट्राइबर ४ ट्रिममा उपलब्ध छ - आरएक्सइ, आरएक्सएल, आरएक्सजेड जसमा २० भन्दा बढि विशेषताहरु रहेका छन ।

रेनो ट्राइबरको संस्करण र मुल्यमा ग्राहकहरुलाई हरेक संस्करण स्तरमा उत्तम मूल्य लाभ सुनिश्चित गर्दछ

३० भन्दा बढि उत्कृष्ट विशेषताहर जस्तै इजीफिक्स सिट, एसयुभी स्कीड प्लेट्स, एलइडी इन्स्टुमेनट क्लस्टर, दोस्रो तेस्रो रो मा टुइन एसी भेन्ट, १८२ एमएम को उच्च ग्राउण्ड क्लियरेन्स र ८ इन्चको टच स्क्रीन मिडिया नेभिगेसन इभोलुसन प्रणालीहरु रहेको छ

नयाँ इन्धन इन्जिन रेनो ट्राइबरमा १ लिटरको पेट्रोल इन्जिन राखिएको छ जसले प्रदर्शन र इन्धनमा एकरुपता कायम गरेर कुल मेन्टेनेन्श खर्च कम गर्दछ ।

**कर्मचारी सञ्चय कोष**

**पुल्चोक, ललितपुर**

**फोन नं. ०१ - ५०१०१६५, ५०१०१६६**

**Website : www.epfnepal.com.np**

*“सुरक्षित भविष्यको लागि निवृत्तभरण र सञ्चय कोष”*

**कर्मचारी सञ्चय कोषबाट सञ्चयकर्ताहरुलाई आ.ब.२०७६/७७ मा उपलब्ध सेवाहरु :**

(क) **सञ्चय कोष रकममा ब्याज प्रदान :** २०७६ श्रावण १ गते देखि **८.२५ प्रतिशत**।

(ख) **मुनाफा प्रदान :** आर्थिक वर्ष २०७४/७५ को खुद मूनाफाबाट शुरु सञ्चय कोष मौज्दातमा १.१० प्रतिशत ।

(ग) **सापटी सुविधाहरु :**

- **विशेष सापटी** : कोषकट्टी खातामा जम्मा भएको रकमको **८०** प्रतिशत सम्म (**ब्याजदर ९.५० प्रतिशत**) ।
- **घर सापटी** : घर निर्माण गर्न वा घर खरिद गर्न घर जग्गाको धितोमा अधिकतम **१५ वर्षको तलब** वा बढीमा रु.**१ करोड सम्म ।** घर सापटीमा लिने ब्याजदर रु.**४० लाख** सम्म **ब्याजदर ९.७५** प्रतिशत **र** रु.**४० लाख** भन्दा **माथिमा १० प्रतिशत ब्याजदर** कायम गरिएको छ ।
- **शैक्षिक ऋण** : घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमती/छोरा/छोरीको उच्चशिक्षा अध्ययन गर्न स्वदेशका लागि अधिकतम **रु.१० लाख**, विदेशका लागि अधिकतम **रु.२० लाख** सम्म र **एम.बी.बी.एस./एम.डी.**को लागि **रु.२५ लाख** सम्म (**ब्याजदर ९.७५ प्रतिशत**) ।
- **सञ्चयकर्ता सरल चक्रकर्जा** : घर जग्गाको धितोमा काठमाण्डौ उपत्यकाभित्र न्यूनतम रु.**५ लाख** र अधिकतम रु.**३० लाख** (**ब्याजदर १०.२५ प्रतिशत**) ।
- **घर मर्मत सापटी** : घर मर्मत गर्न घर जग्गाको धितोमा अधिकतम **५ वर्षको तलब** वा रु.**२५ लाख** सम्म (**ब्याजदर ९.७५ प्रतिशत**) ।

(घ) **सामाजिक सुरक्षा सुविधाहरु :**

- **दुर्घटना क्षतिपूर्ति योजना** : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा **रु.२ लाख** ।
- **काजकिरिया अनुदान योजना** : सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.**४० हजार** ।
- **सञ्चयकर्ता स्वास्थ्योपचार योजना :** सञ्चयकर्ता अस्पताल भर्ना भई गरेको **साधारण रोगमा** रु. **१ लाख** सम्म र **घातक रोगमा रु. १० लाख** सम्मको औषधोपचार खर्चको सोधभर्ना कोषबाट हुनेछ ।
- **सुत्केरी तथा शिशु स्याहार सुविधा :** प्रति प्रसुति रु.**७ हजार ५ सय** का दरले बढीमा दुई पटक गरी रु.१५ हजार ।

# राष्ट्रिय वाणिज्य बैंकको ५५ औं वार्षिकोत्सव भव्य रुपमा सम्पन्न

काठमाडौं । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५५ औं वार्षिकोत्सव समारोह अर्थमन्त्री डा .युवराज खतिवडाको प्रमुख आथित्यतामा शुक्रवार सम्पन्न गरेको छ । कार्यक्रमको प्रमुख अतिथिको रुपमा आएका खतिवडाले समारोहलाई सम्बोधन गर्दै सरकारी स्तरको रुपमा राष्ट्रिय वाणिज्य बैंक रहने बताउनु भयो । वहाले राष्ट्रिय वाणिज्य बैंकले प्रगति गरिरहेको र अझै प्रतिस्पर्धी बन्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणी शिवाकोटीले नेपालको आर्थिक विकासमा राष्ट्रिय वाणिज्य बैंकले खेलेको भुमिकाको सराहना गर्दै यो बैंक नेपालका अन्य वाणिज्य बैंकहरुको तुलनामा अग्रणी रहेको बताउनु भएको थियो ।

त्यस्तै, कार्यक्रममा बोल्दै बैंकका संचालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले बैंकको समग्र स्थितिमा सुधारको लागि चालिएको कदमले बैंकका वित्तीय अवस्था, कार्यपद्धती र सेवाको गुणस्तरमा सुधार भएको बताउनु भएको थियो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनु भएको थियो ।

वाहाले २०७६ पुस मसान्तसम्म बैंकले १ खर्ब ९७ अर्ब रुपैंया निक्षेप




संकलन गरी १ खर्ब ५२ अर्ब रुपैंया कर्जा लगानी गरेको जानकारी दिनुभएको थियो । बैंकले यस अवधिमा खुद मुनाफा २ अर्ब ५ करोड रुपैंया गरेको प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बताउनु भएको थियो ।

उनले भने 'आर्थिक वर्ष २०७६।०७७ लाई Clean and Smart RBB with Consolidation भन्ने अभियान संचालन गरी Physical / Financial Smartness को लक्ष्य सहित विभिन्न प्रकारका कामहरु गरि रहेका छौं ।'

लामो समयदेखि नधुल्याइएका पुराना कागजपत्रहरु धुल्याउने काम सम्पन्न गरेको समेत जानकारी दिदैं वाहाले पुराना फर्निचरहरु, गाडी तथा सरसामानहरु लिलाम विक्री गरिसकेका छौ । लामो समय देखि पेन्डिंगमा रहेका हिसाब मिलान कार्यलाई कार्यदल बनाएर राफसाफ गर्ने प्रक्रिया अगाडि बढाएका छौं'

कार्यक्रममा बैंकमा क्रियाशिल तीन वटै ट्रेड यूनियनका अध्यक्षहरुले शुभकामना ब्यक्त गरेका थिए । ५५ वर्ष अघि २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापना भएको यो बैंक देशको सातैवटा प्रदेशमा ७७ वटै जिल्लामा पुग्ने पहिलो बाणिज्य बैंक हो ।

हाल देशभर बैंकका २३८ वटा शाखा कार्यालय, २०५ वटा एटिएम, २८ स्थानमा एक्सटेन्सन काउण्टर, ९३ स्थानमा शाखारहित बैंकिंग सेवा संचालनमा रहेका छन् । कार्यक्रममा बैंकको ५५ औं वार्षिककोसवको अवसरमा प्रकाशन गरिएको विशेषाङ्क उपहार २०७६ विमोचन गरिएको थियो ।

कार्यक्रममा बैंकको सर्वोत्कृष्ठ र उत्कुष्ट कार्य सम्पादन गर्ने शाखा कार्यालयहरुको नाम घोषणा, सर्वोत्कृष्ठ र उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी घोषणा, कर्मचारी सम्मान कार्यक्रम, बैंकका २० वर्ष सेवा पुरा गरेका कर्मचारीहरुलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

कार्यक्रममा ५५ औं वार्षिकोत्सवको अवसरमा रक्तदान, प्रभातफेरी, विभिन्न खेलकुद कार्यक्रमहरु केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालयहरु तथा शाखा कार्यालयहरुमा संचालन भएका थिए । कार्यक्रममा शेयरधनिहरु, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकशरु, बैंक संचालक समितिका सदस्यहरु, नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधकारी, कर्मचारी संचय कोषका कोष प्रशासक तुलसी प्रसाद गौतम, नागरिक लगानी कोषका कार्यकारी निर्देशक रमण नेपाल, रावा बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी र केशवप्रसाद लम्साल, उपकार्यकारी अधिकृतहरु टेकराज जोशी र महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको भव्य उपस्थिति कार्यक्रम सम्पन्न भएको थियो ।

# वित्तीय साक्षरता सिकाउँदै मेगा बैंक

काठमाडौं,। मेगा बैंक नेपाल लिमिटेडले सुर्खेतमा नेपाली सेनाका लागि वित्तीय साक्षरता कार्यक्रम गरेको छ । देशका बिभिन्न ठाउँमा वित्तीय साक्षरता कार्यक्रम गरिसकेको मेगा बैंकले सुर्खेतस्थित नेपाली सेनाको उत्तरपश्चिम तालिम

MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

शिक्षालय लेखपर्सामा एक दिवसीय वित्तीय साक्षरता कार्यक्रम गरेको हो । कार्यक्रममा मेगा बैंक सुर्खेत शाखाका प्रबन्धक बिक्रम थापाले वित्तीय कारोबार, भविष्यको योजना, सुरक्षित बचत, कर्जा तथा विप्रेषणबाट प्राप्त रकमको उत्पादनमुलक लगानी, पारिवारिक बजेट तथा योजना, जोखिम न्यूनीकरणका साथै मेगा बैंकका बचत तथा कर्जा योजना, बैंकको नेटवर्क लगायतका बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा नेपाली सेनाका प्रमुख सेनानी विशाल सिंहले सेनालाई वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम गरी बैंकिङ प्रक्रिया, सेवा, सुविधाका बारेमा जानकारी गराइदिएकोमा धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाली सेनाका बिभिन्न दर्जाका एक सय जनाको सहभागिता थियो ।

# म्याग्दी जिल्ला प्रशासनमा प्रभु बैंकको एक्स्टेन्सन काउण्टर

काठमाडौं । प्रभु बैंकले म्याग्दी जिल्लाको बेनी नगरपालिकास्थित वडा नं ०७ जिल्ला प्रशासन कार्यालयमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ ।




म्याग्दीस्थित जिल्ला प्रशासन कार्यलयमा स्थापित एक्स्टेन्सन काउण्टरको म्याग्दीका प्रमुख जिल्ला अधिकृत ज्ञाननाथ ढकालले गरेका छन् । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीहरुलाई रकम जम्मा गर्न र जिल्ला प्रशासन कार्यलयको काम गर्न सहज र सरल हुने भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट प्रवाह गरिने बैंकिङ्ग सेवाबाट स्थानीयबासी तथा सेवाग्राहीहरुले प्रभु बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने बैंकले विश्वास लिएको छ । प्रभु बैंकले २०५ वटा शाखा कार्यालय, १५२ वटा एटिएम, ४५ वटा एक्स्टेन्सन काउण्टर र १७ वटा शाखा रहित बैंकिङ्ग सेवा मार्फत् बैंकिङ्ग सेवा प्रवाह गर्दै आएको छ ।

# मेरो फाइनान्सको नाफामा ३२.४२ प्रतिशतले वृद्धि

काठमाडौं । मेरो फाइनान्स लघुवित्त वित्तीय संस्थाको नाफामा ३२.४२ प्रतिशतले वृद्धि भएको छ । संस्थाले गत आवको दोस्रो त्रैमासको तुलनामा चालु आवको सोही अवधिमा नाफा ३२.४२ प्रतिशतले वृद्धि गरेर ८ करोड १९ लाख रुपैयाँ पुर्याएको हो । गत वर्षको पुस मसान्तसम्म संस्थाले ६ करोड १८ लाख

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
Mero Microfinance Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

रुपैयाँ मात्रै नाफा कमाएको थियो । संस्थाले चालु आवको दोस्रो त्रैमाससम्म अन्य बैंक तथा वित्तीय संस्थाबाट ३ अर्ब ५७ करोड २९ लाख रुपैयाँ सपटी लिएको छ । भने ५ अर्ब १३ करोड रुपैयाँ कर्जा लगानी गरी ४४ करोड ७६ लाख रुपैयाँ व्याज आम्दानी गरेको छ । हाल संस्थाको पुँजी ६ अर्ब ५० करोड ३२ लाख रुपैयाँ रहेको छ । संस्थाले नाफामा उल्लेख्य वृद्धि गरेसंगै प्रति शेयर आम्दानी पनि १९.१८ पुगेको छ भने मूल्य आम्दानी अनुपात भने ३१.३९ र प्रतिसेयर नेटवर्थ १३१.३५ रहेको छ । निस्क्रिय कर्जा अनुपात भने संस्थाको गत वर्षको तुलनामा ०.०७ प्रतिशतले घटेको छ । गत वर्षको पुस मसान्तसम्म १.८७ प्रतिशत रहेको निस्क्रिय कर्जा अनुपात चालु आवको सोही अवधिमा १.८० प्रतिशत कायम भएको छ । साथै, संस्थाको कष्टअप फर्ण्ड १०.६९ प्रतिशत रहेको छ ।

# सेञ्चुरी बैंकद्वारा विद्यार्थीहरुलाई न्यानो कपडा सहयोग




काठमाडौं । सेञ्चुरी कमर्सियल बैंकको भैरहवा शाखाले बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत ओमसतिया गाउँपालिका वडा नं ३ लोहरौलिमा स्थित श्री रोहिणी विद्याश्रम आधारभूत विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि न्यानो कपडा हस्तान्तरण गरेको छ । ११० बालबालिकाहरुको लागि न्यानो कपडा बैंकका भैरहवा शाखाका शाखा प्रबन्धक बिशाल गुप्ताले विद्यालयका प्रध्यानाध्यापक विजय मणि त्रिपाठीलाई हस्तान्तरण गरेका छन् । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थय, वातावरण तथा अन्य क्षेत्रमा थुप्रै कार्यक्रमहरु गर्दै आएको छ ।

## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

*आकर्षणहरु*

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।**

# बैकिङ्ग संसार

## मुक्तिनाथ विकास बैंक र रेमिट टु नेपालबीच सहकार्य

मुक्तिनाथ विकास बैंक लि. र रेमिट टु नेपालबीच सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम रेमिट टु नेपालमा आएको रकम मुक्तिनाथ रेमिटको करिब ४००० एजेण्टबाट सजिलै भुक्तानी गर्न सकिने छ । उक्त सम्झौता पत्रमा मुक्तिनाथ विकास बैंक लि.को तर्फबाट मुक्तिनाथ विकास बैंक लि.का



सहायक नायव प्रमुख कार्यकारी अधिकृत तिलबहादुर गुरुङ्ग र रेमिट टु नेपाल तर्फबाट नेपाल रेमिटका प्रबन्ध निर्देशक सन्तोष भेटवाल ले हस्ताक्षर गर्नुभयो । यस सुविधाबाट बैंकका सेवाग्राहीहरु लाई थप लाभ हुने अपेक्षा गरिएको छ ।

मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३४ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथा कर्जा सेवाहरु प्रदान गर्दै आई रहेको छ । साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग लगायतका सेवाहरु पनि प्रदान गर्दै आईरहेको बैंकले जनाएको छ ।

## कामना सेवाको ११७ शाखा विस्तार

काठमाडौं । कामना सेवा विकास बैंक लिमिटेडले ११७ शाखा कार्यालय स्थापनो गरेको छ । काठमाडौको भिमसेन गोलामा कार्यलय स्थापना गरी सेवा

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
'प्रगतिको आधार, कामना सेवासंग कारोबार'

दिन थाले सगै कामना सेवा बिकाशको ११७ औ शाखा पुगेको हो । त्यो शाखा विस्तार सँगै बिकाश वैकको सवैभन्दा धेरै शाखा पुगेको बैकले जनाएको छ । कामना सेवाको देशैभरी शाखा कार्यलयहरु रहेका छन् । कामनाले देशका दुर्गम देखि सुगमका ग्रहकहरुलाई सेवा प्रदान गदै आइरहेको छ ।

## गण्डकी विकासद्वारा शैक्षिक सामाग्री तथा न्यानो कपडा वितरण

रुरु । गण्डकी विकाश बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत नवलपरासी जिल्लाको कावासोती न.पा. वडा नं १३ बुढौली कुनामा स्थित श्री कालीका प्राथमिक बिद्यालयमा अध्ययनरत करिब १२५ जना छात्र छात्राहरुलाई शैक्षिक सामाग्री तथा न्यानो कपडा एक समारोहका विच वितरण गरेको छ । कार्यक्रमबाट स्थानिय विद्यालयमा अध्ययनरत करिब १२५ जना निम्न बर्गका छात्र छात्रा प्रत्यक्ष रुपमा लाभन्वित भएका थिए । उक्त कार्यक्रमको प्रमुख अतिथि कावासोती न.पा वडा नं १३ का वडा अध्यक्ष बिनोद राना मगर रहनु




भएको थियो भने कार्यक्रमको अध्यक्षता बैकका संचालक पद्म प्रसाद पौडेलले गर्नूभएको थियो । प्रमुख अतिथि वडा अध्यक्ष बिनोद राना मगर तथा बैंकका सञ्चालक पद्म प्रसाद पौडेलले संयुक्त रुपमा उक्त विद्यालयका छात्र छात्राहरुलाई स्वीटर, झोला एवं स्टेसनरी सामाग्रीहरु वितरण गर्नूभएको थियो । उक्त अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गदै प्रमुख अतिथि राना मगरले बैंकले सामाजिक क्षेत्रमा पुर्याएको योगदानको प्रशंसा गर्दै आगामि दिनमा पनि यस्तै सहयोगको अपेक्षा गर्नु भएको थियो । बैकका सञ्चालक पद्म प्रसाद पौडेलले बैंकले सामाजका विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानका बारे प्रकाश पार्दै भावी योजनाको बारेमा समेत उल्लेख गर्नु भएको थियो । कार्यक्रमको संचालन बैंकका कावासोती शाखाका शाखा प्रबन्धक प्रकाश देवकोटाले गर्नूभएको थियो । बैकको कावासोती शाखा कार्यालय संचालनको दशौ बर्ष पूरा भई एघारौ बर्ष प्रबेश गरेको स-अवसरमा उक्त कार्यक्रमको आयोजना गरीएको थियो ।

## ग्लोबल आइएमईको शाखा विस्तार

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडका दुई नयाँ शाखा बिहीबार बाट सञ्चालनमा आएका छन् । बैंकले वाग्मती प्रदेशको काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. ३, बालुवापाटी र प्रदेश नं. ५ को कपिलवस्तु जिल्ला, कृष्णनगर नगरपालिका वडा नं. २, गुरुद्वारा रोडमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । दुई नयाँ शाखाहरु सञ्चालनसँगै बैंकको शाखा कार्यालयहरुको संख्या २६९ पुगेको छ । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउण्टर तथा शाखारहित बैंकिङ्ग सेवा मार्फत आफ्ना ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

# कहाँ पुग्यो छानविन



**कृष्ण बहादुर बोगटी 'काका'**
चक्रबहिल १२, बालकुमारी
ललितपुर

गल्ती गर्ने दुर्गा प्रसाई सिकार हुने मन्त्री प्रसाईले गरेको गल्ती ढाकछोप गर्न केही नराम्रो बोल्दा सारै इमान्दार नेता सिन्धुपाल्चोकको धेरै राम्रो नेता हुन शेरबहादुर तामाङ्ग जस्ता राम्रा नेतालाइ राजीनामा दिन लगाउनेहरु दुर्गा प्रसाईलाई कारवाही गर्न किन बोली रहेका छैनन् किनकी दुर्गा ठूलो नेताको नाता भएकै कारण दोषी उम्कीदै जाने हो भने हामी जस्ता घरबार विहिनी गरिबले कहाँ न्याय माग्नजाने सरकारले गरेको कानुन हेरफेर गर्दा कुर्लने महिला अधिकारकर्मिहरु हाम्रा चेलीको इज्जत विक्री गर्ने दुर्गा प्रसाईको विरुद्ध किन कुर्लिन सक्दैनन महिला आयोग र नेपाल मानव अधिकार आयोग कुनैपनि संघसंस्थाहरु सक्रिय भएको देखीदैन किन दुर्गा प्रसाई धनीमानीमा गनिनेभएकाले कसैले पनि विरोध गरेको देखिदैन। किन नियम कानुनलाई निमुखा गरिबलाई मात्र लाग्ने हो। त्यस्तो नियम त नेपालमा पन्चायत कालमा समेत थिएन दोषीलाई कार्वाही हुने गर्थ्यो, निर्दोषी भए छुटकारा पाउथ्यो तर अहिले गणतन्त्र लोकतन्त्र के के आयो आयो तर भ्रष्टले गरीबलाई झुटठो आरोप लगाए पनि लाग्छ। नियम कानुन छानविन कर्ता सबै पैसामै विकेको देख्छु। पैसा शक्ति हुनेले कुनै पनी आरोप लगायो भने सबैले चासो दिएको देखिन्छ तर गरिबलाई जतिनै निर्दोषी होस कुनैपनी संघ संस्था सरकारी ओकिल पुलिस प्रशासन कसैले पनि साथ नदिएको देखिन्छ अब को न्याय भनेको कुनै पनि नातागोता पार्टी केही नहेरी दोषीको निर्दोषको पक्ष लिई काम गर्नुपर्ने देखिन्छ। अब मेरो नेपालमा कुनैपनी निर्दोषी नफसोस दोषी नछुटोस। अब कुनैपनि निकायले हाम्रोलाईहैन राम्रो लाईहेर्नुपर्ने देखिन्छ सरकारी ओकिलले पनि दोषी निर्दोसी हेर्नुपर्छ पैसा दिनेको मुद्दा विचैमा तुहाउने र घरबार विहिन गरिको चै निर्दोषि भए पनि मुद्दा चलाएको देखिन्छ। सबै पैसा शक्तिकै खेल रैछ न्यायधिस ज्यूले सरकारी ओकिललाई १० बर्षभन्दा सानो मुद्दा दर्ता गर्दा विचार पुऱ्याउनु भनेको कुरा मैले सुनेको ठूलो मुद्धा पैसावालाको थियो उच्चमै तुहियो तर लगाएको आरोप पुष्टि भएन। भनेको ४ बषे मुद्दा लिएर सरकारी ओकिल पुनराबेदन सर्वोच्च गयो किनभने त्यो व्यक्ति घरबार विहिन निर्दोषी थियो अब दोषीलाई कार्वाही हुनैपर्छ।

दोषीलाई कार्वाही गर्न सबैतिरबाट पहल गरे मेरो देश नेपालमा अमर चयन शुसासन भएको हेर्ने इच्छा सबै नेपालीको छ अहिले दुई तिहाइको सरकार छ जे पनी गर्न सक्छ तर राम्रो गरोस भन्ने हामी सबै नेपालीको चाहना हो मेरो नेपालको रक्षा गर शिव भगवान।

## खेलकुद

# साग पदक विजेता खेलाडी र प्रशिक्षक सम्मानित

काठमाडौँ। काठमाडौँ महानगरपालिका(३२ ले हालै नेपालमा सम्पन्न १३औँ दक्षिण एशियाली खेलकूद (साग) मा पदक जित्न सफल आफ्ना वडाका खेलाडी र प्रशिक्षकलाई आज सम्मान गरेको छ। कोटेश्वर तेक्वान्दो डोजाङमा आयोजित कार्यक्रममा सागमा काठमाडौँ ३२ बाट तेक्वान्दो, कराते, लनटेनिस र बास्केटबलमा पदक विजेता नौ खेलाडीलाई सम्मान गरिएको हो।

उहाँहरुले तेक्वान्दोमा तीन स्वर्ण र दुई कास्य, करातेमा एक स्वर्ण, बास्केटबलमा एउटा रजत तथा लनटेनिसमा दुई कास्य जित्नुभएको थियो। स्वर्ण विजेता तेक्वान्दोका सक्षम कार्की, काजल श्रेष्ठ र भूपेन श्रेष्ठ तथा करातेका विप्लवलाल श्रेष्ठलाई जनही रु ५० हजारका साथ सम्मान गरिएको छ।

यस्तै रजत विजेता बास्केटबलका मनिष केसीलाई रु २० हजार तथा कास्य विजेता तेक्वान्दोका ज्ञानेन्द्र हमाल र मनोज मल्ल तथा लनटेनिसका संरक्षक भूषण बज्राचार्य र सम्यक बज्राचार्यलाई जनही रु १० हजारसहित वडा कार्यालयले सम्मान गरेको हो।

यस्तै तेक्वान्दोका प्रशिक्षक नवीनकुमार श्रेष्ठलाई रु ५१ हजार तथा लनटेनिसकी प्रशिक्षक रेणुदेवी कोण्डा बज्राचार्यलाई रु ११ हजारसहित सम्मान गरिएको हो। सो अवसरमा दक्षिण कोरियामा सम्पन्न कोरियन एम्बासडर कप वर्ल्ड तेक्वान्दो च्याम्पियनसिपमा रजत पदक प्राप्त गर्नुभएका रञ्जीत साउदलाई रु २० हजार नगदसहित सम्मान गरिएको थियो। विजेता खेलाडी तथा प्रशिक्षकलाई वाग्मती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठ, राष्टि्रय खेलकूद परिषद्का सदस्य सचिव रमेशकुमार सिलवाल, वडा नं ३२ का अध्यक्ष नवराज पराजुली लगायतले सम्मान गर्नुभएको हो।

# स्पोर्ट्स अवार्ड फागुन पहिलो साता

काठमाडौँ। नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घ (एनएनआइपीए)ले आगामी फागुन पहिलो साता 'एनएनआइपीए स्पोर्ट्स अवार्ड' आयोजना गर्ने भएको छ। फागुन ६ गते उक्त अवार्ड कार्यक्रम गर्ने सङ्घले पत्रकार सम्मेलनमार्फत जानकारी गराएको हो। कार्यक्रममा २८ खेलका उत्कृष्ट खेलाडीलाई 'एनएनआइपीए वर्ष उत्कृष्ट खेलाडी' सम्मान गर्ने सङ्घका अध्यक्ष दीपक श्रेष्ठले जानकारी दिनुभयो। सङ्घले गत वर्ष इन्डोनेशियामा सम्पन्न १८औँ एशियाली खेलकूदमा २८ खेलमा सहभागी नेपाली खेलाडीको खेल प्रदर्शनलाई आधार बनाएर खेलाडी छनोट गर्नेछ। "सङ्घले २८ खेलका एक/एक उत्कृष्ट खेलाडीलाई सम्मान गर्नेछ", अध्यक्ष श्रेष्ठले भन्नुभयो। भलिबल, फुटबल, बक्सिङ, सुटिङ, पौडी, कराँते, जुडो, उसु, कबड्डी, आर्चरी, एथलेटिक्स, भारोत्तोलन, टेबल टेनिस, प्याराग्लाइडिङ, लन टेनिस, फेन्सिङ, स्क्वास, सेपाताक्रो, बास्केटबल, तेक्वान्दो, ब्याडमिन्टन, ट्रायथलन, गल्फ, कुस्ती, साइक्लिङ, पोर्ट्स क्लाइम्बिङ, पेन्कक सिलात, कुराश र रोलर स्पोर्ट्सका एक/एक खेलाडीलाई पुरस्कृत गरिनेछ। उहाँहरुले जनही रु १० हजार पुरस्कार प्राप्त गर्नुहुनेछ।

# मुख्यमन्त्री कप प्रदेशस्तरीय फुटबल : आदर्श, होराइजन र भीमाद विजयी

कास्की। पोखरामा यही माघ ७ गतेदेखि सञ्चालन भइरहेको गण्डकी प्रदेशस्तरीय मुख्यमन्त्री कप लिग फुटबल प्रतियोगिताअन्तर्गत आज सम्पन्न खेलमा कास्कीको आदर्श, स्याङ्जाको होराइजन र तनहुँको भीमाद क्लब विजयी भएका छन्।

प्रदेश लिग कमिटीको आयोजनामा पोखरा महानगरपालिका-२७ भण्डारढीकमा रहेको फुटबल रङ्गशालामा भएको पहिलो खेलमा आदर्श क्लबले लमजुङको त्रिवेणी क्लबलाई १(० गोलअन्तरले पराजित गरी सेमिफाइलनमा प्रवेश गरेको छ।

खेलको २१ औं मिनेटमा सुमित श्रेष्ठले गरेको एक मात्र गोल खेलमा निर्णायक बन्यो।

समूहका तीनवटै खेलमा शतप्रतिशत जित निकालेको आदर्श समूह विजेता बन्दै अघिल्लो चरणमा प्रवेश गरेको हो।

त्यसैगरी दोस्रो खेलमा स्याङ्जाको होराइजन क्लबले म्याग्दी जिल्ला फुटबल सङ्घलाई १-० गोलअन्तरले पराजित गर्न सफल भयो। खेलको १८औँ मिनेटमा विशाल मल्लले गरेको एक मात्र गोल नै निर्णायक बन्यो। अन्तिम खेलमा तनहुँको भीमाद क्लबले नवलपुरको गैँडाकोट खेलकूद विकास समितिलाई २-१ को नतिजामा पराजित गर्दै सेमिफाइनल प्रवेशको सम्भावना बलियो बनाएको छ।

नवलपुरले आशिष महतोको गोलमार्फत खेल शुरु भएको चौथो मिनेटमा अग्रता बनाए पनि दोस्रो हाफमा त्यसलाई जोगाउन सकेन। खेलको ५१औँ मिनेटमा विनोद घिमिरेले गोल गर्दै खेल बराबरीमा ल्याउनुभयो भने ७६औँ मिनेटमा प्रदीप थापाले निर्णायक गोल गर्दै टोलीलाई महत्वपूर्ण तीन अङ्क दिलाउन सफल हुनुभयो।


लिग कम नकआउटका आधारमा खेलाइने प्रतियोगितामा समूहका विजेता तथा उपविजेता टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन्।

सेमिफाइनल १३ तथा १४ गते प्रतियोगिताको फाइनल खेल सञ्चालन हुने आयोजकले जनाएका छन्।

# हर्निया भनेको के हो बालबालिकालाई हर्निया भए के गर्ने ?

**सुरेश कुमार अधिकारी "मित्र"**

## स्वास्थ्य



पछिल्लो तथ्याङक अनुसार बाल ( बालिका संबन्धि सल्यकृया १५ प्रतिशत हर्नियाको हुने गरेको पाईएको छ। यो हेर्दा समय लागेपनि यसले जटिल समस्या उत्पन्न गर्ने हुदा पशिचमा मुलुकहरुमा पत्ता लाग्ने बित्तिकै हर्नियाको अप्रेशन गर्ने गर्दछन्। कसै कसैलाई जन्मजात नै हर्निया हुने गरेको पाईन्छ। जन्मदेखि १६ बर्षसम्मको अवस्थालाई हामी पेडियाट्रिक नै ठान्छौ। यो अवस्था बाल अवस्थामै भएको.ले यसको उपचार बयसक अगावै हुन जरुरी छ। बढी क्यासिटी ( खानी ठाउ) भएको ठाउमा यो पातलो झिल्ली ले छोपेर राखेको हुन्छ। जव कारणबस पातलो झिल्ली च्यातिएर बाहिर निस्कन खोज्ने अवस्था नै हर्निया हो।यसलाई पेटको मांसपेसी कमजोर भएको ठाउवाट पेटको खण्ड, आन्द्रा बाहिर निस्कीने समस्या नै हर्निया हो।

यदि सच्चै नै बच्चालाई हर्निया भएको प्रमाणित भएमा उपचार गर्न ढिलो गर्नु हुदैन। जति सक्दो यसको अप्रेशन छिटो गर्न जरुरी छ। हर्नियाको प्रकार फरक प्रकारको हुने भएपनि खासगरी १ इंमुइनल हर्निया तिघ्रको जोर्नीमा हुन्छ। अण्डकोशमा थैली झर्छ र यसको आकार बढुदै जान्छ। यो हर्निया बिरामीको उपचार गर्न धेरै ढिलो भए अण्डकोश सानो हुन सक्ने संभावना हुन्छ। समस्या देखिएकाहरुमा यो हर्निया इंगुइनल हो कि हाईड्रोशिल भन्ने चाहि छुट्याउनुपर्छ किनभने हर्नियाको उपचार तुरुन्त गर्नुपर्छ।

हाइड्रोशिलको उपचार दुइवर्षसम्म कुर्न सकिन्छ। किनकी कहिले काही हाईड्रोशिल दुइ बर्षपछि निको पनि हुन सक्छ। अम्लिकल हर्निया पेटको सवैभन्दा कपजोर मांसपेसी हर्नियाको थैली नाइटोवाट बाहिर निस्कन्छ। यो हर्निया कमजोर मांसपेसीहरु हुने भएकोले यसको छिट्टै उपचार गर्न जरुरी छ। यो अप्रेशन माथिल्लो भन्दा अलि बढी जटिल मानिन्छ। यसमा दुइ बर्ष कुर्न हुदैन।त्यसर्थ हामीले के बुझ्नु जरुरी छ भने बालबालिकाहरुको हकमा हर्निया पत्ता लागेपछि छिट्टै उपचार गर्न जरुरी छ। खासगरी बच्चा बच्चीहरुमा यो पुरुष वर्गलाई मात्र हुनुपर्नेमा आजभोलि बालिका (महिला) हरुलाई पनि हर्निया भएको पाइएको छ। यो एक हजार बालिका मध्य एक दुइ जनालाइ मात्र भएको पाइएको छ। कन्जेनाईटल डाइफाम्मेटिक हर्निया हुदा आन्द्रा, पेट, र छातिबीच भएको झील्लीमा प्वाल भएर छातिमा पुग्छ। यो समस्या सिशु गर्भमा रहदा समेत अल्टूसाउण्डका माध्यमले थाहा पाउन सकिन्छ। करीब २० साताको गर्भ परिक्षण गर्दा यो समस्यावाट थाहा पाउन सकिन्छ। फेमरिल हर्निया हुदा पेटको अंग खुट्टातिर तिघ्राको नसाको मुख बाहिर निस्कीन्छ। यो नसाले खुट्टामा रगतको आपुत्ति गर्न कम गर्छ यस्तो हर्निया पुरुषको दाजोमा महिलाई बढी हुन्छ।इनसिजनल हर्निया सल्यक्रिया भएको ठाउवाट अंग बिशेष बाहिर निस्कन्छ। यस्तो खाले सवै हर्नियाको सफल उपचार भनेकै सल्यक्रिया हो। सल्यक्रियाको थुपै बिधि हुन्छ। क्षतिग्रस्त हर्नियाको मर्मत गरेर गर्ने सल्यक्रिया वा फाल्नुपर्ने अंगलाई काटेर फालेर गर्ने सल्यक्रियाहरु हुन सक्छन्। यसमा निस्कन सक्ने अंगलाई जालीको प्रयोग गरेर बलियो गरी राख्ने बिधिको सल्याक्रिया पनि गरिन्छ। तसर्थ यदि बालबालिकाको सरीरको अंगमा केही अप्ठेरो लागेमा चिकित्सकको परामर्श लिन नभुल्नु होला।

# रामेछाप डायरी

## कांग्रेस निकट मगर संघको भेला मन्थलीमा

मन्थली । नेपाली कांग्रेस निकट नेपाल राष्ट्रिय मगर संघ, रामेछाप तर्दथ समिती गठन गर्दै भेला सम्पन्न गरेको छ। शनिवार मन्थलीमा भएको भेलाले केशरकुमार मगर(खाँडादेवि)को सभापतित्वमा १९ तर्दथ समिती गठन गरेको हो। त्यसैगरी उपसभापतिमा बलबहादुर पूर्वछाने मगर(हिंमगंगा), सचिवमा सुर्वण थापा मगर( हिंमगंगा), सचिवमा राकेश थापा मगर(मन्थली) ,कोषाध्यक्ष




खमला थापा मगर(दोरम्बा) रहेका छन्। त्यस्तै सदस्यहरुमा विराज रजान मगर, दिपेश थापा मगर, कृष्णमाया थापा मगर, कुशल थापा मगर, मनमाया मगर, राजु थापा मगर, तोक बहादुर थापा मगर, दिल बहादुर थापा मगर, खड्ग बहादुर थापा मगर, भक्त बहादुर थापा मगर, लिला बहादुर थापा मगर, गोपाल थापा मगर, तोरण राना मगर र ईशाना थापा मगर रहेका छन्।

त्यसैगरी नेपाल मगर राष्ट्रिय संघ रामेछाप प्रदेशसभा(क) र (ख) पनि समिती गठन गरेको छ। जसमा प्रदेशसभा(क) मा नरबहादुर थापा मगरको नेतृत्वमा तर्दथ समिती गठन गरेको छ। जसअनुसार उपाध्यक्ष हिरालाल मगर, सचिव मेलिना मगर कोषाध्यक्ष निर्मल पुलामी मगर, सदस्यहरुमा सरोज विक्रम थापा मगर, लोक बहादुर आले मगर, उमेश थापा मगर, सुमन थापा मगर, टेम कुमारी आले मगर, विपना क्याप्छाकी मगर र झलक क्याप्छकी मगर रहेका छन्।

प्रदेशसभा(ख) को तर्दथ समितीको अध्यक्षमा देवराज जर्गा मगरको नेतृत्वमा ११ तर्दथ समिती बनाएको छ। जसमा उपाध्यक्षमा सुवास आले मगर, सचिवमा अनिता थापा मगर , कोषाध्यक्षमा बिबेक थापा मगरलगायतको ११ तर्दथ समिती गठन गरेको हो। कार्यक्रममा नेपाली कांग्रेस, रामेछाप सभापति लवश्री न्यौपाने,प्रमुख आतिथ्यतामा भएको थियो। कार्यक्रममा जिल्ला सचिव लेखबहादुर कार्की, कांग्रेस नेता जितबहादुर थापा मगर, नेपाल राष्ट्रिय मगर संघ केन्द्रीय कोषाध्यक्ष कृष्णबहादुर थापा, केन्द्रीय सदस्य यम बहादुर जर्गा मगर, प्रदेश सभापति सुजन थापा मगर , सचिव ओम मगरलगायतको उपस्थिति रहेको थियो।

## श्रृजनशिल युवा समाज चिसापानी २४ औं साधारणसभा

रामेछाप। श्रृजनशिल युवा समाज चिसानीको अध्यक्षमा पुनः भूवनकुमार श्रेष्ठ निर्वाचित भएका छन्। संस्थाको शनिबार सम्पन्न २४ औं साधारण सभाले श्रेष्ठलाई अध्यक्ष पदमा निर्विरोध निर्वाचित गरेको हो। खाँडादेवी गाउँपालिका अध्यक्ष प्रेमबहादुर तामाङको प्रमुख आतिथ्यतामा भएको सो साधारण सभाबाट उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः रामकुमार कर्माचार्य, सुशिला कर्माचार्य , सञ्जिव श्रेष्ठ र अर्जुन श्रेष्ठ छानिएका छन्। साधारण सभामा बोल्दै गाउँपालिका अध्यक्ष तामाङ्ले नागरिक संस्थाहरुलाई वैदेशिक अनुदान आउने क्रम केही घटेका भए पनि स्थानीय सरकारसँग मिलेर



काम गर्न सक्ने धेरै ठाउँ भएको बताए। उनले यसका लागि सामाजिक संस्थाहरुलाई सहकार्यमा आउन आग्रक गरे। कार्यक्रममा मन्थली नगरपालिका ८ चिसापानीका वडाअध्यक्ष राजकुमार श्रेष्ठले श्रृजनशिल युवा समाजले धेरै नेता र अभियान्ताहरु उत्पादन गरि सकेको बताए। सो कार्यक्रममा समाबेसी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष गोपाल श्रेष्ठ, भिमेश्वररुद्र मावि चिसापानीका प्रधानाध्यापक शंकर ढुंगेल लगायतले संस्थाको प्रगतिको शुभकामना व्यक्त गरेका थिए।

## राष्ट्रिय वाणिज्य बैंक मन्थलीको ५५ औं बार्षिक उत्सव

रामेछाप। राष्ट्रिय बाणिज्य बैंक मन्थलीले शुक्रबार आफ्नो ५५ औं बार्षिक उत्सव मनाएको छ। बैंकको बार्षिक उत्सव कार्यक्रम रामेछापकी प्रमुख जिल्ला अधिकारी लिला कुमारी केसी पाण्डेले गरेकी थिइन्। कार्यक्रमको प्रमुख जिल्ला अधिकारी (पाण्डे) ले राष्टि्रय बाणिज्य बैंकलाई अझै सुरक्षित , गुणस्तरीय र प्रतिस्पर्धात्मक सेवा दिन सुझाव दिए। बैंकले बैंकिङ अपराध घटाउने र नागरिकको गुनासो सुन्ने ब्यवस्था गर्नुपर्ने उनको भनाई छ।कार्यक्रममा मन्थली नगरपालिका वडा नं(१ का वडा अध्यक्ष नारायण दाश श्रेष्ठले बैकले कर्जा प्रवाह र नबिकरणका लागि नागरिकहरुलाई धेरै झन्झट दिइरहेकोले यस्ता झन्झटिला प्रावधानहरु हटाई सहज प्रकृया अबलम्बन गर्नुपर्ने बताए। नेपाल पत्रकार महासंघका अध्यक्ष रमेश ढुंगेलले बैंकले गरेको कार्यसम्पादन ६/ ६ महिनामा सार्बजनिक गरी नागरिकहरुलाई सूचनाको हक प्रत्याभुति गराउन सुझाव दिए। रामेछाप उद्योग बाणिज्य संघका अध्यक्ष केशब प्रसाद घिमिरेले रा बा बैंकले उद्योग ब्यवसायीहरुलाई सहज हुने गरी सेवा प्रवाहा गर्न आग्रह गरे। उद्योग बाणिज्य संघका निबर्तमान अध्यक्ष श्याम थापालले बाणिज्य बैंकले सबै खाले ब्यवसायि र उद्योगी हरुको मन जितेर काम गर्नु पर्नेमा जोड दिए। बैंकका शाखा प्रबन्धक रबिन्द्र मण्डलले मन्थलीमा बैक स्थापना भएदेखि हाल सम्म ७३ करोड, ४४ लाख कर्जा प्रवाह भएको छ ।

# कोरोना भाइरसको त्रास ८ देशमा फैलियो

काठमाडौं । यतिखेर चीन कोरोना भाइरसको सङ्क्रमण थप बढ्न जाला कि भन्ने त्रासमा देखिन्छ । शनिबारसम्म प्राप्त भएको समाचारअनुसार यो सङ्क्रमणको प्रकोप चीनका कम्तीमा १८ शहरमा निकै गम्भीररुपमा देखापरिरहेको छ । ती शहरमा यात्रा प्रतिबन्ध र अन्य धेरै किसीमका सतर्कता चिनियाँ सरकारले अपनाएको बताएको छ । यद्यपी चिनियाँ सरकारले देशभरीको उडान, रेल र बससेवामा भाइरस पत्ता लगाउन राष्ट्रव्यापी उपाय अपनाउन आदेश दिएको छ ।

सो भाइरसका कारण ज्यान गुमाउने र सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि शनिबार चीन सरकारले सो आदेश दिएको छ। यस सङ्क्रमणबाट ८० जनाको ज्यान गएको पुष्टि भएको छ। यस भाइरसबाट शनिबारसम्म सङ्क्रमितको सङ्ख्या एक हजार २८७ पुगेको छ । त्यसैगरी चीनका केही प्रान्तहरुमा नै फैलिन पुगेको यस भाइरसको सङ्क्रमणको कारण यात्रा प्रतिबन्धलगायत अन्य धेरै किसीमका सतर्कताबाट करिब पाँच करोड ६० लाख नागरिक प्रभावित भएका छन् ।

अमेरिकाको सियाटलसमेतमा एक जना व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण भएको अमेरिकी अधिकारीले जनाएपछि यसको फैलावटको त्रास अझै बढिरहेको छ । चीनको हुबेइबाट केही दिनअघि अमेरिका फर्किएका एकजना अमेरिकी नागरिकमा यसको सङ्क्रमण भेटिएको पुष्टि भएको छ। उता जापानको राजधानी टोकियोमा पनि एक जना व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण देखिएको अधिकारीले जनाएका छन् । यसरी यो सङ्क्रमणले दक्षिण कोरिया, ताइवान, हङकङ, मकाउ र थाइल्याण्डमा छोइसकेको बताइन्छ । चीनको वुहान शहरबाट फर्किएका एक नेपालीमा कोरोनाभाइरस सङ्क्रमण भेट्टिएको छ । कोरोना भाइरस युरोपमा पनि फैलिन थालेको छ । फ्रान्समा तीन जनामा कोरोना भाइरस देखिएको पुष्टि भएको छ। तर यसको सङ्क्रमणबाट मृत्यु हुने भने चिनियाँ नागरिक मात्र छन् ।

चिनियाँ अधिकारीले चीनमा उक्त भाइरसको प्रभावस्तर रोक्न र नियन्त्रण गर्न सबैभन्दा संवेदनशील अवस्था रहेको बताएका छन् । चीनले उक्त भाइरस मानिसबाट मानिसमा सरेको पुष्टि पनि गरिसकेको छ । जसका कारण यस सङ्क्रमणको त्रास चीनमा मात्र नभएर चीनबाहिरसम्म पनि पुगिसकेको छ ।

वैज्ञानिक भाषामा यसलाई '२०१९- एन सीओभी' भाइरस भनिन्छ । उक्त भाइरस कोरोनाभाइरस वर्गको एक खालको नयाँ प्रजातिका रुपमा विकास भएको वैज्ञानिकले बताएका छन् । उनीहरुका अनुसार यो भाइरस यसअघि पनि मानिसमा फेला परेको थियो । वैज्ञानिकले सन् २००० को दशकको शुरुआतमा नै यो भाइरसको प्रकोप बढेको बताएका छन् । उनीहरुले त्यस समयमा विश्वका विभिन्न देशमा यो भाइरसको सङ्क्रमण बढेको र यसले ती देशमा झन्डै ८०० मानिसको ज्यान लिएको सार्स भाइरस पनि एक प्रकारको कोरोना भाइरस नै हो भनेका छन् ।

यो भाइरस सङ्क्रमण भएपछि खासगरी श्वासप्रश्वाससम्बन्धी समस्या देखिने गर्दछ। ज्वरो आउने, खोकी लाग्ने र सास फेर्न गाह्रो हुने यस सङ्क्रमणपछिका लक्षण हुन् । यस भाइरसको सङ्क्रमणपछि शरीरमा अक्सिजनको मात्रा कम हुँदै जाने पनि अर्को एक समस्या हो । यस भाइरसको सङ्क्रमण बढ्दै जान थालेपछि विश्व स्वास्थ्य सङ्गठनले जनस्वास्थ्य आपतकाल घोषणा गर्ने विषयमा सोच्नुपर्ने बताएको छ। यस्तो अवस्थाको घोषणा गर्ने विषयमा सोच्न विश्व स्वास्थ्य सङ्गठनले भनिसकेकोले हाल चीनमा विशेष स्वास्थ्य विज्ञको समूहले आवश्यक प्रमाण जुटाउने काम गरिरहेको बताएका छन् ।

यस प्राणघातक भाइरसले उत्पन्न गरेको अवस्थासँग जुध्न विश्वव्यापीरुपमा नै जनस्वास्थ्य आपतकालका रुपमा घोषणा गर्न सकिने विषयमा आवश्यक तयारी भएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ। यस भाइरसका सङ्क्रमित चीन र चीनका छिमेकी देशका अतिरिक्त अमेरिकामा पनि भेटिइसकेकाले यस विषयमा सोच्नुपर्ने बताएका हुन् ।

चीनका विभिन्न २५ प्रान्तका क्षेत्रमा यो भाइरसको सङ्क्रमण फैलिएको छ। स्थानीय प्रशासनले जङ्गली जनावर र पशु बजारका क्षेत्रमा कडाई गर्न निर्देशन दिएको छ भने मानिसको बढी आवतजावत हुने विमानस्थल, बसपार्क र रेलमार्ग स्टेसनमा पनि स्वास्थ्य जाँचको प्रबन्ध मिलाइएको अधिकारीले जानकारी दिएका छन् ।

हुबेई प्रान्तमा नै यसबाट धेरैको ज्यान गएको छ । चीनका स्वास्थ्य मन्त्री ली बिनले कोरोना भाइरसबाट हुबेई प्रान्तमा नै सबभन्दा बढी व्यक्तिको ज्यान गएको जानकारी दिनुभएको छ । मृत्यु हुनेमध्ये धेरै ४८ देखि ८९ वर्ष उमेरका व्यक्ति रहेका पनि जनाइएको छ। अधिकारीले बढी उमेरका मानिसमा यसको सङ्क्रमण अझ बढी देखिएको बताएका छन् । डब्लूएचओको तथ्याङ्कअनुसार कुल सङ्क्रमितमध्ये ७२ प्रतिशत ४० वर्षमाथिका छन् । यस्तै सङ्क्रमितका ६४ प्रतिशत पुरुष रहेका छन् ।

यसबाट निको भएर करिब एक हजार जना व्यक्ति अस्पतालबाट घर पनि फर्किएका छन् तर उनीहरुलाई पनि विशेष निगरानीमा राखिएको बताइएको छ। चीनको वुहानको जनसङ्ख्या भन्डै एक करोड रहेको छ । त्यसैले उक्त सङ्क्रमणको उत्पत्ति भएको सो क्षेत्रमा सरकारले बढी निगरानी राखिरहेको पनि बताइएको छ ।

गत बिहीवार चिनियाँ नयाँ वर्षको बिदाको अवसर थियो तर त्यस दिन कुनै कार्यक्रमको आयोजना गर्ने र मनाउने काम नगर्न भनियो । नयाँ वर्ष मनाउने कार्यक्रममा मानिसको भीडभाड हुने भएकोले आपसमा यो भाइरसको सङ्क्रमण बढ्नसक्ने भन्दै विदामा कुनै पनि प्रकारका कार्यक्रम सञ्चलान नगर्न भनिएको थियो। यो समयमा लाखौं चिनियाँ आफ्नो घर फर्कने गर्छन् । उनीहरु घर फर्किने र नयाँ वर्ष मनाउन बाहिर जाने कार्यक्रममा पनि अहिले कडाइ गरिएको बताइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेड्रोस एड्हनोम गुब्रोहयसोसले चीन सरकारले पछिल्लो समयमा यस सङ्क्रमणको नियन्त्रण तथा रोकथामका लागि सञ्चालन गरिरहेका कार्यक्रमको स्वागत गर्नुभएको छ । उहाँले चिनियाँ नयाँ वर्षको एक हप्ता लामो छुट्टी मनाउन एक ठाउँबाट अर्कोमा यात्रा गरिरहँदा यो सङ्क्रमणको अहिलेको अवस्था चर्किन सक्नेतर्फ सतर्क रहन र त्यसको रोकथामका उपायमा केन्द्रित हुन आग्रह गर्नुभएको छ ।

यसको सबैभन्दा बढी प्रभावित शहर वुहान नै भएकोले यहाँबाट बाहिर जाने सबै नागरिकको स्वास्थ्य अवस्थाको जाँच गर्ने र सार्वजनिक सवारी साधन सञ्चालन हुने र रोकिने केन्द्रमा उचित हावा प्रवाहको व्यवस्था गर्ने काम पनि अधिकारीले गरिरहेका छन् ।

वुहानमा जीवित पक्षी र जङ्गली जनावरको व्यापारमा प्रतिबन्ध लगाइएको छ र त्यस्तो प्रतिबन्धको पालना भए नभएको जाँच्न प्रहरीले कडा मात्रामा निगरानी गरिरहेको पनि बताइएको छ। विभिन्न सञ्चारमाध्यमका अनुसार सर्पबाट मानिसमा सरेको उल्लेख गरिए पनि हालसम्म यसबारे सहि जानकारी आइसेकेको छैन् । डब्लूएचओले यो भाइरस सम्भवतःपशुबाट मानिसमा सरेको भए पनि कुन पशुबाट सरेको हो भन्ने बारे अझै स्पष्ट भइनसकेको जनाइएको छ ।

वुहानका नगरप्रमुखले अत्यावश्यक कारणले बाहेक उक्त शहरको भ्रमण नगर्न पनि सबै नागरिकलाई आह्वान गर्नुभएको छ । वुहान यस सङ्क्रमणको केन्द्रमा रहेकोले त्यहाँ बढी कार्यक्रम लक्ष्य गरिएको छ । झन्डै नब्बे लाख जनसङ्ख्या भएको वुहानका बासिन्दालाई भीडभाडमा नजान र सार्वजनिक जमघट कम गर्न पनि भनिएको छ। सरकारले शनिबारसम्म चीनका १८ ओटा शहरकै यात्रामा प्रतिबन्ध लगाएको जानकारी दिएको छ ।

वुहान सहरमा नयाँ अस्पताल निर्माण गरिंदै छ । चिनियाँ सञ्चारमाध्यमका अनुसार एक हजार श्ययया रहने भनिएको नयाँ अस्पताल छ दिनभित्र तयार भइसक्ने सम्भावना छ ।


## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बिलाम मोक्तान**
अध्यक्ष
**नेपाल तामाङ युवा घेदुङ**



## स्वच्छ जीवन उच्च विचार : लागू औषधको गरौं वहिष्कार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## आयुर्वेदिक उपचारको पहिलो रोजाइ विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

**विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.**
**लाइन्स चोक, नारायणगढ, चितवन**
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।


## अन्तराष्ट्रिय समाचार

### गृहयुद्धमा वेपत्ता नागरिकलाई प्रमाणपत्र दिइने

मुलुकको गृहयुद्धमा जीवन गुमाएका हजारौं व्यक्तिको मृत्यु प्रमाणपत्र प्रमाणिकरणपछि मात्र दिइने राष्ट्रपति गोताबाय राजापाक्षले बताउनुभएको छ । उहाँले यसै हप्ता युद्धमा वेपत्ता सबै जनाको मृत्यु भएको बताउनुभएको थियो । राष्ट्रपति गोताबाया राजपाक्षेले एक विज्ञप्तिमार्फत् हराएकाहरू वास्तवमा युद्धमा मारिएका बताउनु भएको थियो । तर यसले पिडित परिवार र आफन्तलाई सरकारले वेपत्ता प्रियजनलाई के भयो भनेर सम्बोधन नगरी मुद्दा बन्द गर्न लागेको भनी चिन्तित बनाएका समाचारपछि राजपाक्षेको यो भनाइ आएको हो । आवश्यक अनुसन्धान गरिसकेपछि राज्यले मृत्यु प्रमाण पत्र जारी गर्नेछ र परिवारलाई उनीहरूको भविष्यलाई यथासम्भव सहज बनाउन आवश्यक सहयोग पुऱ्याउने कदम चाल्नेछ, राजापाक्षेको कार्यालयले जनाएको छ । श्रीलङ्कामा लामो पृथकतावादी युद्धमा हजारौं मानिस हराएको सम्भावनालाई श्रीलङ्काको राष्ट्रपतिस्तरबाट पहिलो पटक स्वीकारिएको हो । सन् २००९ मा युद्ध अन्त्य भएको घोषणा गरिएको थियो तर युद्धमा कति मारिएका थिए र कति वेपत्ता थिए भन्नेबारे राष्ट्रपतिद्वारा यसअघि उल्लेख गरिएको थिएन तर शुक्रबार सार्वजनिक तथ्याङ्कमा हराएका भनी राज्यमा दर्ता गरिएका व्यक्तिको सङ्ख्या २३ हजार ५०० देखाइएको छ। तिमध्ये पाँच हजार सुरक्षाकर्मी रहेका थिए। राष्ट्रपति राजापाक्ष र श्रीलङ्काका लागि संयुक्त राष्ट्रसंघका आवासीय संयोजक हाना सिंगरबीचको छलफलपछि राष्ट्रपतिको कार्यालयले वेपत्ताको सूचिमा रहेका अधिकांश नागरिक लिबरेशन टाइगर्स अफ तमिल इलम (एलटीटीई) ले भर्ती गरेका लडाकू रहेको उल्लेख गरिएको छ ।

### भारत र ब्राजिलबीच १५ बुँदे सम्झौतापत्रमा हस्ताक्षर

भारत र ब्राजिलले साइबर सुरक्षा, जीवविज्ञान तथा स्वास्थ्य र औषधिलगायतका विभिन्न क्षेत्रलाई समेट्ने गरी १५ बुँदे सम्झौतापत्रमा शनिबार हस्ताक्षर भएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र ब्राजिलका राष्ट्रपति जाइर मेसियस बोल्सोनारोबीच भएको द्विपक्षीय वार्तापछि ती दुई मुलुकले साइबरसुरक्षा, जीवविज्ञान र स्वास्थ्य र औषधिलगायतका क्षेत्रमा सहकार्यका लागि सम्झौता भएको हो। दुई मुलुकबीच जैविक ऊर्जा तथा लगानी, सुविधासम्बन्धी सहयोग, स्वास्थ्य तथा चिकित्सा र सांस्कृतिक आदानप्रदानका लागि भएको कार्यक्रम सम्झौता सन् २०२० देखि सन् २०२४ सम्मका मान्य हुनेछ । ब्राजिल र भारतबीच सामाजिक सुरक्षा, साइबर सुरक्षा, वैज्ञानिक तथा प्रविधि सहकार्य, भूगोल तथा खनिज स्रोतबारे ज्ञानलाई आपसी हितका लागि आदानप्रदान गरिनेलगायतका विषय पनि सम्झौतामा उल्लेख छन्। दुबै पक्षले आपराधिक गतिविधिमानियन्त्रणका लागि कानूनी सहयोग गर्ने, तेल र प्राकृतिक ग्यासको क्षेत्रमा सहयोग गर्ने, पारम्परिक चिकित्सा प्रणाली र होमियोप्याथीको क्षेत्रमा सहयोग गर्ने सहमति भएको सम्झौताबारे संयुक्त घोषणामा उल्लेख गरिएको छ । भारत भ्रमणमा रहेका ब्राजिलियाली राष्ट्रपति बोल्सानारो र भारतीय विदेश मन्त्री एस जयशंकरबीच पनि यस अघि शुक्रबार भेटवार्ता भएको थियो । भेटपछि विदेशमन्त्री जयशंकरले ट्वीटमा लेख्नुभएको छ, ब्राजिलका राष्ट्रपति बोल्सानारोलाई गणतन्त्र दिवस २०२० का अवसरमा प्रमुख पाहुनाका रूपमा स्वागत गर्न पाउँदा खुसी लागेको छ । उहाँको भ्रमणले हाम्रो द्विपक्षीय सहयोगका लागि नयाँ अवसरहरू खुला गर्नेछ । यो विश्वव्यापी सन्तुलनको सङ्केत पनि हो ।

### सुडानी सरकार र प्रतिपक्षीद्वारा शान्ति सम्झौताको खाकामा हस्ताक्षर

लामो समयदेखि द्वन्द्वको चपेटामा परेको सुडानमा सरकारी पक्ष र विपक्षीले शुक्रबार शान्ति सम्झौताको खाकामा हस्ताक्षर गरेका छन्। सरकार र विपक्षी दल सुडान पिपल्स लिबरेसन मुभ्मेन्ट (एसपिएलएम) दक्षिणी क्षेत्रले शुक्रबार शान्ति सम्झौताको खाकामा हस्ताक्षर गरेका हुन् ।

हस्ताक्षर कार्यक्रम दक्षिणी सुडानको राजधानीस्थित राष्ट्रपतिको कार्यालय जुबामा भएको थियो । दुवै पक्षलाई सहमतिमा पुऱ्याउनका लागि राष्ट्रपतिले मध्यस्तकर्ताको भूमिका खेलेको बताइएको छ। सम्झौतामा सुरक्षा र शासन प्रणालीका विषयहरु समावेश गरिएको सरकारी पक्षले जारी गरेको वक्तव्यमा उल्लेख गरिएको छ । हस्ताक्षरित सम्झौताबाट सरोकारवालाहरुका बीचमा बलियो साझेदारी र लगाब देखिएको छ, सुडानी स्वायत्त परिषद्का उपाध्यक्ष मोहम्मद हम्दान डाक्लुले भन्नुभयो । उहाँले सम्झौतामा सरकारको तर्फबाट हस्ताक्षर गर्नुभएको छ। सम्झौतामा हस्ताक्षर गरेको अर्को पक्षका रुपमा रहेको एसपिएलएम दक्षिणी क्षेत्रले ब्लु नाईल क्षेत्रमा सशस्त्र विद्रोहीको नेतृत्व गरेको छ । त्यस समूह दक्षिण सुडानको सीमा क्षेत्रमा सन् २०११ देखि सक्रिय रहेको छ ।

### टर्कीमा शक्तिशाली भूकम्प, कम्तीमा १८ को मृत्यु

टर्कीमा आएको शक्तिशाली भूकम्पमा परी कम्तीमा १८ जनाको मृत्यु भएको छ । शुक्रबार आएको ६.८ म्याग्नीच्युडको भूकम्पका कारण अरु ५ सय भन्दा बढी घाइते भएका अधिकारीहरुले जनाएका छन् । टर्कीको राजधानी अङकारादेखि पूर्वी क्षेत्रमा पर्ने एलाजिग प्रान्तमा स्थानीय समयानुसार शुक्रबार बेलुका ८.५५ मा भूकम्प आएको हो । स्वास्थ्य मन्त्री फहरेटिन कोकाले मृत्यु भएका मध्ये १३ जनाको एलाजिग प्रान्तमा र अरु पाँच जनाको छिमेकी मालात्य प्रान्तमा मृत्यु भएको जानकारी दिनुभयो। त्यसैगरी गृह मन्त्री सुलेमन सोयलुले पनि घटनामा परी ५०० जनाभन्दा बढी घाइते भएको पुष्टि गर्नुभयो । उहाँले घटनास्थलहरुमा खोजी तथा उद्धारकार्य भइरहेको र तीस जना भत्किएको घर भित्र पुरिएको पनि जानकारी दिनुभयो। प्रत्यक्षदर्शीहरुका अनुसार कम्तीमा १० देखि १२ सेकेण्डसम्म कम्पन भएको थियो । त्यो निकै शाक्तिशाली थियो । हामीलाई यो रात निकै गाह्रो भयो, एक भूकम्प पिडितले भने । उनीहरुका अनुसार त्यतिबेला तापक्रम माईनस पाँच डिग्री सेल्सियस पुगेको थियो। भूकम्पपछि दर्जनौ पटक पराकम्प पनि आएको बताइएको छ । भूकम्पको प्रभाव चार ओटा प्रान्तमा परेको विवरणहरु आएको अधिकारीहरुले जनाएका छन् । यता सोलोमोन द्वीपमा सोमबार ६.३ म्याग्नीच्युडको शक्तिशाली भूकम्प आएको अमेरिकी भौगर्भिक सर्वेक्षण संस्था (युएसजिएस) ले जानकारी दिएको छ। यस भूकम्पपछि सुनामी चेतावनीको कुनै सुचना भने जारी गरिएको छैन । स्थानीय समयाअनुसार सोमबार अपराह्न ४ बजे सो भूकम्प आएको थियो । राजधानी होनीआराबाट करिब १४० किलोमिटर दक्षिणपूर्वमा समूद्रको सतहबाट १७.७ किलोमिटर गहिराईमा उक्त भूकम्पको केन्द्रविन्दु रहेको युएसजिएसले जानकारी दिएको छ। यस भूकम्पपछि हालसम्म सुनामीको कुनै चेतावनीको सूचना भने जारी नगरिएको सरकारी स्रोतले जानकारी दिएको छ ।

## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**टोक बहादुर वाईवा**
नगरप्रमुख
**मण्डनदेउपुर नगरपालिका, काभ्रे**

## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**टासि लामा**
वरिष्ठ उपाध्यक्ष
**अन्तर्राष्ट्रिय तामाङ परिषद्**

## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रविन बल
महासचिव
**नेपाल राष्ट्रिय तामाङ घेदुङ**

## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सलाम सिं तामाङ
अध्यक्ष
**तेमाल गाउँपालिका, काभ्रे**

## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विकु बहादुर थोकर**
अध्यक्ष
**नेपाल तामाङ चलचित्र संघ**

## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**छिमि मोक्तान**
अध्यक्ष
**रोशी गाउँपालिका, काभ्रे**

## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बिकुलाल तामाङ**
वडा अध्यक्ष
**तेमाल गाउँपालिका वडा नं. ६**


## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**टासि लामा**
वरिष्ठ उपाध्यक्ष
**अन्तर्राष्ट्रिय तामाङ परिषद्**

गजल

## गजल



दुर्गा अधिकारी
भमरकोटे

मात्तियका छौ कि क्याहो, किन गर्छौ ढलमल
महत्व बुझ्दैनौ किन, समयको पलपल ।


प्रगति गर्ने कुद्छन, बुलेटको रफ्तारमा,
तिम्रो चाला सधैं यस्तै, कुरा धेरै अलमल ।

संसारको धनी देश, डाँडा पाखा जलैजल,
पानी उपयोग गर, देश हुन्छ झलमल ।

प्राकृतिक सम्पदाले, भरिपुर्ण यो देशको,
उन्नति अगाडि छैन, सधैं झर्छ तलतल ।

बाबा कुट्छन् आमा लुट्छन, छिमेकका दलालले,
सधैंभरि नेपालीका, अश्रुधारा टलपल ।

## गजल



अनुराधा शर्मा, काठमाडौं

के छ अस्तित्व के हुन्छ र अमूल जीवन
भाचिएको बैसाखीमा छ स्थुल जीवन

कसरी तर्नु साउनको भेल बर्षातको
छ कगजको डुङ्गा चर्केको पुल जीवन

नसुगन्ध वतासमा न भुनभुन भमराको
नओइलिने थुङ्गा कागजकै फूल जीवन

सुकेको पात झैं उड्दै जान्छ हलुको बन्दै
उराठ लाग्दो पतझडमा ब्याकुल जीवन

छैन जून कहाल लाग्दो निष्ठ्ट अंधकारै
अहोरात्र घोच्दछ बनी तिक्ष्ण शुल जीवन

# विराट ज्ञान महायज्ञमा सहभागी होऔं आन्तरिक पर्यटनको प्रवर्द्धन गरौं

नेपाल भ्रमण वर्ष २०२० को पावन शुभ अवसरमा नारायणी नदी किनारमा माघ ११ गतेदेखि फागुन ११ सम्म हुन गइ रहेको १०८ कुण्डिय कोटिहोम महायज्ञको पूर्ण सफलताका साथै हिन्दुत्वको पहिचान दिन सकोस हार्दिक शुभकामना

प्रार्थी
गोविन्द प्रसाद तिवारी
**भेटघाट रेष्टुरेन्ट**
शहीद चोक, नारायणगढ, चितवन

## सरकारले महिला उद्यमीहरुको राष्ट्रिय भेला गर्छ : मन्त्री गुरुङ

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले महिलाहरुलाई आर्थिक रुपमा सशक्त बनाउने उद्देश्यका साथ सो भेला आयोजना गर्ने घोषणा गर्नु भएको हो । आईतबार काठमाडौंमा आयोजित 'महिला उद्यमीहरुको राष्ट्रिय सम्मेलन' को उद्घाटन गर्दै उहाँले ग्रामिण क्षेत्रमा महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउने गरी आवश्यक नीति र कार्यक्रम तय गर्ने उद्देश्यका साथ सबै स्थानीय तह र जिल्लाहरुका महिला उद्यमीहरुको राष्ट्रिय भेला गर्न लागिएको पनि स्पष्ट पार्नु भयो । 'महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउन नयाँ नीति र कार्यक्रमको आवश्यक्ता छ,' मन्त्री गुरुङले भन्नु भयो, 'ग्रामिण क्षेत्रका महिलाहरुलाई आर्थिक रुपमा सशक्त बनाउन सरकारले चालू आर्थिक वर्ष भित्रै उद्यमी महिलाहरुको राष्ट्रिय भेला आयोजना गरी आवश्यक ठोस नीति तय गर्नेछ ।' उहाँले महिला सशक्तिकरणको क्षेत्रमा काम गर्ने संघ, संस्थाहरुलाई पनि ग्रामिण क्षेत्रका महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउने गरी काम गर्न सचेत गराउनु भयो । मन्त्री गुरुङले उद्यमशीलताको माध्यामबाट महिलाहरुको आर्थिक सशक्तिकरणमा लाग्ने संघ, संस्थाहरुसँग सहकार्य गरेर अघि बढन सरकार तयार रहेको पनि बताउनु भयो । उहाँले महिलाहरुलाई उद्यमशील बनाउने वातावरण तय हुनेगरी ऐन, कानुन संशोधन गर्ने प्रतिवद्धता पनि जनाउनु भयो ।

## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विष्णु लामा**
वडा अध्यक्ष
**तेमाल गाउँपालिका वडा नं. ४**

## हार्दिक शुभकामना

तामाङ समुदायको महान् सांस्कृतिक राष्ट्रिय पर्व(नम्युङ ल्हो) जीवा ल्होछारको अवसरमा समस्त दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं समस्त नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**रोश्नी ब्लोन नायिका**

## ओखलढुङ्गामा जीप दुर्घटना, एकको मृत्यु

ओखलढुङ्गा । ओखलढुङ्गामा सोमवार बिहान सवारी दुर्घटना हुँदा एकको मृत्यु भएको छ भने चालकसहित अन्य तीन जना गम्भीर घाइते भएका छन् । चम्पादेवी गाउँपालिका-५ को सिद्धडाँडामा बिहान बोलेरो जीप दुर्घटना हुँदा सोही ठाउँका ५५ वर्षीय सन्तोष विश्वकर्माको घटनास्थलमै ज्यान गएको हो । गाउँबाट बिरामी लिएर ओखलढुङ्गा सदरमुकामस्थित मिसन अस्पताल आउँदै गरेको बा २१ च ७३६१ नम्बरको बोलेरो दुर्घटना हुँदा विश्वकर्माको घटनास्थलमै ज्यान गएको हो ।

# चौधरी ग्रुपको ग्रयाण्ड ओपनिङ विराटनगरमा

चौधरी ग्रुप अर्न्तगतको सिजी इलेक्ट्रोनिक्स प्रा. लि.ले नेपालका विभिन्न ठाउँहरुमा शाखा खोलेर ग्रहकहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ। यसैबीच इलेक्ट्रोनिक्स को १८ औं शोरुम तथा एल.जीको ८ औं नयाँ प्रिमियम ब्राण्डशप

त्यसैगरी हिजो माघ १३ गते नेपालको पहिलो औधोगिक नगरी बिराटनगरमा ग्रयाण्ड ओपनिक गरी ग्रहकहरुलाई सेवा दिन थालेको छ।

विराटनगरको ट्रफिक चोक बर्सना कम्प्लेसमा दिउसो १ बजे भएको कार्यक्रममा नेपालका प्रतिष्ठत ब्यापारी, समाजसेवी, उद्योगीहरुको उपस्थिति रहेको थियो। सिजी इलेक्ट्रिोनिक्स प्रा.लि.ले एलजी ब्रान्डका नयाँ उत्पादनहरुको पनि उक्त ओपनिङ्गमा सार्वजनिक गरेको थियो।

नेपालमा गुणस्तरीय सामानहरुको उत्पादन, बिक्री वितरण गर्दै आएको सिजी इलेक्ट्रोनिक्सले आफ्नो बजारको उपस्थितिलाइ आक्रमकरुपमा अगाडी बढाइ रहेको छ।













जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस